कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

## Rasuwagadhi Hydropower Company Limited

**जनताको जलविद्युत कार्यक्रम**

महाराजगंज, काठमाडौं, नेपाल, फोन नं. ०१–४३७१७४४, ४३७१७९४ फ्याक्स नं. ०१–४३७१७२५,
इमेलः rghpcl@gmail.com वेभसाइटः www.rghpcl.com.np

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीले आफ्नो जारी पूँजी रु. ६,८४,२१,००,०००/– (अक्षरेपी छ अर्व चौरासी करोड एक्काइस लाख मात्र) को १० प्रतिशत अर्थात रु.६८,४२,१०,०००/- (अक्षरेपी अठ्सठ्ठी करोड बयालिस लाख दश हजार) बराबरको रु.१०० अंकित दरको ६८,४२,१०० कित्ता साधारण शेयरहरु रसुवा जिल्लाको आयोजना प्रभावित क्षेत्र (अति प्रभावित गोसाइकुण्ड गाउँपालिका वडा नं. १ थुमन (साविक थुमन गाविस) र वडा नं २ टिमुरे (साविक टिमुरे गाविस), प्रभावित वर्ग प्रशारण लाइनबाट प्रभावित हुने आमाछोदिङमो गाउँपालिका वडा नं. ४ गोल्जुङ (साविक गोल्जुङ गाविस) र वडा नं. ५ चिलिमे (साविक चिलिमे गाविस) का साथै गोसाइकुण्ड गाउँपालिकाका बाँकी वडाहरु (वडा नं. ३ बृद्धिम (साविक बृद्धिम गाविस), वडा नं ४ लाङटाङ (साविक लाङटाङ गाविस), वडा नं. ५ स्याफ्रुबेशी (साविक स्याफ्रुबेशी गाविस) र वडा नं. ६ धुन्चे (साविक धुन्चे गाविस) तथा सामान्य प्रभावित बाँकी सम्पूर्ण जिल्लाबासीहरु)) का बासिन्दाहरुको निमित्त धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिने छ । प्रचलित कानून बमोजिम तयार गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बमोजिम आयोजना प्रभावित क्षेत्र निर्धारण गरिएको छ ।

आयोजना प्रभावित रसुवा जिल्लाबासीहरुको लागि छुट्याइएको १० प्रतिशतले हुन आउने ६८,४२,१०० कित्ता शेयरलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रहि आयोजना प्रभावित जिल्लाबासी लगानीकर्ताहरुलाई जिल्ला समन्वय समिति, रसुवाको मिति २०७६/१०/२९ गते बसेको बैठकको निर्णयानुसार आयोजनाबाट अति प्रभावित (गोसाइकुण्ड गाउँपालिका वडा नं. १ थुमन र वडा नं २ टिमुरे), प्रभावित (आमाछोदिङमो गाउँपालिका वडा नं. ४ गोल्जुङ र वडा नं. ५ चिलिमेका साथै गोसाइकुण्ड गाउँपालिकाका बाँकी वडाहरु- वडा नं. ३ बृद्धिम, वडा नं ४ लाङटाङ, वडा नं. ५ स्याफ्रुबेशी र वडा नं. ६ धुन्चे) र सामान्य प्रभावित (बाँकी सम्पूर्ण जिल्लाबासीहरु) वर्गमा पर्ने बासिन्दाहरुको लागि शेयर बाँडफाँड गर्दा सोको अनुपात क्रमशः ४.५ : १.५ : १ हुने गरी शेयर बाँडफाँड गरिनेछ ।

**दरखास्त साथ प्रति शेयर रु.१००/– को दरले (शत प्रतिशत भुक्तानी माग गरिएको)**

| विवरण | विगत तथा आगामी ५ वर्षको नेटवर्थ सम्बन्धि विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वास्तविक | | | प्रक्षेपित | | | | |
| | आ.ब. | आ.व | आ.व | आ.व | आ.व | आ.व | आ.व | आ.व |
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९७.९१ | ९६.७२ | ९६.२४ | ९६.१२ | १०३.०० | ११५.८४ | १२१.९६ | १२६.३७ |
| प्रति शेयर आम्दानी (रु.) | ०.१७ | (१.१९) | (०.४८) | (०.५०) | ६.८८ | १२.८४ | १६.१२ | १९.४१ |
| जगेडा कोष तथा संचित नाफा (रु. हजारमा) | (१२८,७४४) | (२०१,८०७) | (२३१,२९४) | (२६५,६५९) | २०५,०३१ | १,०८३,६४५ | १,५०२,३०३ | १,८०४,२११ |

**प्रति मेगावाट लागत सम्वन्धि विवरणः** संगठित संस्थाको प्रति मेगावाट लागत (Interest During Construction-IDC समेत) रु.१८,६१,२५,६१५.२६/- (अठार करोड एकसाठ्ठी लाख पच्चीस हजार छ सय पन्ध्र रुपैयाँ र पैसा छब्बिस मात्र) रहेको छ । **विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धि विवरण :** पत्र वहाल रहने अवधि मिति २०६९।०८।२१ देखि २१०५।०८।२० सम्म रहेकोले २६ वर्ष ७ महिना बाँकी रहेको छ । ***लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धि विवरण :** साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) ८ वर्ष ३ महिना १ दिन रहेको छ र डिस्काउन्टेट लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) लगानी फिर्ता हुने अवधि १९ बर्ष ८ महिना १८ दिन रहेको छ ।

* आ.व. २०७७/७८ लाई आधार वर्ष (Base Year) मानि गणना गरिएको ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :** धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पृष्ठ १६-१७ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरी लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :** यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा भएको व्यवस्था बमोजिम शेयर प्रत्याभूति र क्रेडिट रेटिङ्ग गर्न नपर्ने गरी छुट प्रदान गरेकोले यस साधारण शेयर निष्काशनका लागि शेयर प्रत्याभूति र क्रेडिट रेटिङ्ग गरिएको छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०७९/०२/३१
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०७९/०३/०२ धितोपत्र निष्काशन खुल्ला मिति : २०७९/०३/१३
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७९/०३/२७ धितोपत्र निष्काशन बन्द हुने मिति (अन्तिम) : २०७९/०४/१०

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरिने शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पुरा नभएसम्म बिक्री वितरण गर्न पाईने छैन

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९ इमेलः
scl@siddharthacapital.com
वेव साइटः www.siddharthacapital.com

**सह-निष्काशन तथा बिक्री प्रवन्धकहरु :**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

Global IME Capital Limited
GROW WITH US
पोष्ट बक्स नं. २१५९९
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

**सनराइज क्यापिटल लिमिटेड**
SUNRISE CAPITAL LTD.
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं.४४२८५५०,फ्याक्स नं. ४४२८६६८
(साविक एन.सि.एम.मर्चेन्ट बैंकिङ्ग लिमिटेड)
Email:info@sunrisecapital.com.np
Website:www.sunrisecapital.com

**ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं सम्झनु पर्दछ ।

ग) "सह–निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले एनआईविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ, ग्लोवल आईएमइ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ र सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौ सम्झनु पर्दछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड, महाराजगंज, काठमाण्डौ सम्झनु पर्दछ ।

ङ) "संस्थापक संगठित संस्था" भन्नाले रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडमा संस्थापक शेयर धारण गर्ने संस्थाहरु सम्झनुपर्छ ।

च) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर सम्झनुपर्दछ ।

छ) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त सी-आश्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

ज) "आयोजना" भन्नाले कम्पनीद्वारा निर्माणाधीन रसुवागढी जलविद्युत आयोजना जनाउँदछ ।

झ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, विद्युत नियमन आयोग, कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

ञ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन" भन्नाले रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन सम्झनु पर्दछ ।

ट) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ठ) "वित्तिय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

ड) "साधारण लगानी फिर्ता हुने अवधि" भन्नाले लगानीको लागत उठाउन लाग्ने आवश्यक समय सम्झनु पर्दछ ।

ढ) "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि" भन्नाले आयोजनाको भविष्यमा हुने नगद प्रवाहलाई Weighted Average Cost of Capital (WACC) को आधारबाट डिस्काउण्ट गरेर आजको लगानीको लागत उठाउन लाग्ने समय सम्झनु पर्दछ ।

ण) "खुद सम्पत्ती मूल्य (नेट वर्थ)" भन्नाले मूल्याङ्कन मितिमा कायम रहेको कुल सम्पत्तिबाट वाहय दायित्व तथा अपलेखन नगरिएका स्थगन तथा विविध खर्च कट्टा गरी आउने कुल सम्पत्ति मूल्य (नेट एसेट्स भ्यालू) लाई सम्झनु पर्छ ।

**ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

**विवरणपत्र पाइने स्थानहरुः**

१. सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौ,

२. एनआईविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।

३. ग्लोवल आइएमइ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

४. सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौ ।

५. रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको रजिस्टर्ड कार्यालय महाराजगंज, काठमाडौं ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकहरुको वेभसाइट www.siddharthacapital.com, www.niblcapital.com, www.globalimecapital.com, www.sunrisecapital.com, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.rghpcl.com.np, वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

**(क) नेपाल धितोपत्र बोर्डबाट सि–आस्वा** (C–ASBA) **सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।**

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

कम्पनी रजिष्ट्रारको मिति २०७८/११/०२ को पत्रानुसार आ.व. २०७७/०७८ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था अद्यावधिक रहेको छ ।

**ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :** रसुवागढी हाइड्रोपावर कम्पनी लि. **(RASUWAGADHI HYDROPOWER COMPANY LIMITED )**

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ४, महाराजगंज, काठमाडौंमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं.४, महाराजगंज, काठमाडौं र कम्पनी अन्तर्गत निर्माणधीन रसुवागढी जलविद्युत आयोजनाको साइट कार्यालय, रसुवा जिल्ला, गोसाइकुण्ड गाउँपालिकाको वडा नं. १ थुमन र वडा नं. २ टिमुरे, घट्टेखोला रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**<u>कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :</u>**

(१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गर्दै जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले चिलिमे जलविद्युत कम्पनी लिमिटेड तथा नेपाल विद्युत प्राधिकरणको संस्थापकत्वमा मिति २०६८।०४।१७ गते यस रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

(२) कम्पनीमा हाल चिलिमे जलविद्युत कम्पनी लिमिटेड र नेपाल विद्युत प्राधिकरण सहित रसुवा जिल्लाका स्थानीय तह (साविकको जि.वि.स तथा सम्बन्धित गा.वि.स. हरु) संस्थापक शेयरधनी रहेका छन् । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ५१ प्रतिशत संस्थापक शेयर, १९.५ प्रतिशत कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता, ३.५ प्रतिशत संस्थापक संगठित संस्थाका कर्मचारी, १ प्रतिशत ऋणदाता संस्थाका कर्मचारी, १० प्रतिशत आयोजना प्रभावित क्षेत्र रसुवा जिल्लाका वासिन्दा र १५ प्रतिशत सर्वसाधारण (कम्पनीका कर्मचारीहरु समेत) शेयरधनीहरुको लागि छुट्याई बाँडफाँड गर्ने व्यवस्था रहेको छ ।

(३) संगठित संस्थाले २०६८ कात्तिक २८ गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेको छ । त्यस्तै निर्माण कार्य पुर्वका मुख्य कार्य प्राप्तिहरु : १) आयोजना सर्भेक्षण अनुमति प्राप्त मितिः २०६५/०३/३१, २) विद्युत प्रसारण लाईन सर्भेक्षण अनुमतिपत्र प्राप्त मिति २०६७/०२/२७, ३) ऋण सम्झौता (कर्मचारी संचयकोष, चिलिमे जलविद्युत कम्पनी र संगठित संस्था विच भएको त्रिपक्षीय सम्झौता) मिति २०६८/०८/२२, ४) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत मितिः २०६८/११/२८, ५) विद्युत उत्पादन अनुमति पत्र प्राप्त मिति २०६९/०८/२१, ६) विद्युत खरिद बिक्री सम्झौता मिति २०६८।०७।२८ र ७) विद्युत उत्पादन अनुमति बहाल रहने अवधि २१०५/०८/२० सम्म रहेको छ ।

(४) १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको र रसुवा जिल्लामा पर्ने भोटेकोशी नदी विद्युत उत्पादनको लागि आवश्यक प्रमुख जलस्रोतको रुपमा रहेको छ ।

(५) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

| | |
|---|---|
| आयोजना स्थलः | साविकको थुमन तथा टिमुरे गा.वि.स. (हालको गोसाइकुण्ड गाउँपालिका क्रमशः वडा नं. १ र २), रसुवा जिल्ला, वागमती प्रदेश, नेपाल । |
| श्रोत नदीः | भोटेकोशी नदी, रसुवा |
| आयोजनाको किसिम : | रन अफ रिभर |
| डिजाइन डिस्चार्ज : | ८० घन मिटर. प्रति सेकेण्ड |
| उत्पादन हुने इनर्जी : | ६१३.८७ गेगावाट आवर (वार्षिक) |
| आयोजनाको उत्पादन क्षमताः | १११ मेगावाट |
| ग्रस हेडः | १६७.९० मिटर |
| डाइभर्सन बाँधः | लम्बाई ७९.३ मिटर, उचाई ८.५ मिटर |
| भुमिगत डिस्यान्डीङ्ग वेसिनः | ३ (लम्बाई १२५ मि.* चौडाई १५ मि. * उचाई १८.८ मि.), |
| हेडरेस सुरुङ्गः | लम्बाई ४१८५ मिटर व्यास ७ मिटर |
| भुमिगत पेनस्टकः | लम्बाई ३१३ मिटर, व्यास ४.८ मिटर देखि २.५ मीटरसम्म |
| भूमिगत पावरहाउसः | लम्बाई ७६ मिटर, चौडाई १५ मिटर, उचाई ३५.५० मिटर |
| टर्वाइनः | फ्रान्सिस, ३*३७ मेगावाट |
| जेनेरेटरः | ३*४३.७५ MVA |
| उत्पादन शुरु हुने मितिः | २०७९/०९/२५ |
| आयोजनाको हालको अनुमानित लागतः | २० अर्व ६५ करोड ९९ लाख ४३ हजार २ सय ९४ रुपैयाँ(IDC समेत) |

(६) यस १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको अनुमानित लागत रु. २०,६५,९९,४३,२९४/- रहेको छ । अनुमानित लागतको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | सिभिल निर्माण कार्य | ९,९८७,६७७,८९१ |
| २ | हाइड्रोमेकानिकल कार्य | ७५०,८७५,८२६ |
| ३ | इलेक्ट्रोमेकानिकल कार्य | २,५७९,७६५,१७१ |
| ४ | प्रशारण लाइन निर्माण कार्य | २९४,४९१,२७६ |
| ५ | परामर्श सेवा | १,४६६,७७६,२२७ |
| ६ | प्रशासनिक खर्च-आयोजना कार्यालय | १,११५,११८,९०३ |
| ७ | प्रशासनिक खर्च- केन्द्रिय कार्यालय | ३३४,१७१,८६९ |
| ८ | स्थिर सम्पत्ती | ४८१,१२८,४६६ |
| ९ | निर्माण अवधिको व्याज | ३,६४९,९३७,६६५ |
| **जम्मा आयोजना निर्माण खर्च** | | **२०,६५९,९४३,२९४** |

**संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बिच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।**

(१) कम्पनीबाट निर्माणाधीन आयोजनाबाट उत्पादन हुने विद्युत खरीद बिक्रीका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०६८।०७।२८ मा सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत शक्ति उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउनेछ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि वर्षको ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| **अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि)** | **खुख्खा याम (पौष देखि चैत्र सम्म रु. प्रति युनिट)** | **वर्षा याम (बैशाख देखि मार्ग सम्म रु.प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औ महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिना देखि ३६ औं महिनासम्म | ८।९१ | ५।०९ |
| ३७ औ महिना देखि ४८ औं महिनासम्म | ९।१८ | ५।२५ |
| ४९ औ महिना देखि ६० औं महिनासम्म | ९।४५ | ५।४० |
| ६१ औ महिना देखि ७२ औं महिनासम्म | ९।७४ | ५।५६ |
| ७३ औ महिना देखि ८४ औं महिनासम्म | १०।०३ | ५।७३ |
| ८५ औ महिना देखि ९६ औं महिनासम्म | १०।३३ | ५।९० |
| ९७ औ महिना देखि सम्झौता अवधिसम्म | १०।६४ | ६।०८ |

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति (Required Commercial Operation Date-RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date-COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिइनेछ :

क) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति १२ महिनाभन्दा बढी २४ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ख) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति २४ महिनाभन्दा बढी ३६ महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ग) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ३६ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

(२) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्रि सम्झौताको दफा १२.२ अनुसारको खरिद दरको ५० प्रतिशत दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

(३) प्राधिकरणले प्रत्येक महिना आयोजना बाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declearation अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनुपर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा

Dispatch Instruction को कारणले नलिएमा अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(४) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिंगमा समायोजन गरिनेछ ।

(५) कम्पनीले प्राधिकरणलाई उपलब्ध गराएको विद्युत उर्जा मापनको निमित्त प्राधिकरणको मापदण्ड अनुसार Main Meter सेट (सि.टि.पि.टि.सहित) कम्पनीको खर्चमा विद्युत केन्द्र पहिलो पटक सिन्क्रोनाइज हुने मिति अगावै मिटरिङ्ग प्वाइन्टमा जडान गरिनेछ । मेन मिटर सँगै सोही स्पेशिफिकेसन र निर्माताको चेक मिटर जडान गरिनेछ । चेक मिटरको खरिद तथा जडान खर्च कम्पनीबाट व्यहोरिनेछ ।

(६) कम्पनीको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत रु. १८,६१,२५,६१५.२६/- रहेको छ भने लगानीको Simple Payback Period ८ वर्ष ३ महिना १ दिन र Discounted Payback Period १९ बर्ष ८ महिना १८ दिन रहेको छ । Net Present Value (NPV) Amount in "000" - 1,658,552.00 र Internal Rate of Return (IRR)- 13.00% रहेको छ । यस सम्बन्धि विस्तृत विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**<u>हर्जाना सम्वन्धि विवरण</u>**

(१) कन्ट्रयाक्ट इनर्जीको वा Availability Declearation को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नुपर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबू वाहिरको परिस्थितीको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतीपूर्ती स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ ।

क्षतिपूर्ति रकम रु. = (0.8*सो महिना कम्पनीबाट प्राधिकणलाई आपूर्ति गर्नुपर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत सम्भार वा काबू वाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा ) * सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर

यसरी हिसाव गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ । क्षतिपूर्ति रकम विल रकम भन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन ।

(२) प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ ।

**<u>विद्युत उत्पादन शुरुहुने मिति (COD) का सम्बन्धमा कम्पनीको धारणाः</u>**

आयोजनाको संशोधित व्यापारिक उत्पादन शुरु हुने मिति (RCOD) २०७७ साल कार्तिक ५ गते रहेकोमा पछिल्ला केही वर्षहरुका प्रत्येक वर्षायाममा आयोजनास्थल आसपास अविरल वर्षातका कारण भोटेकोशी खोलामा पानीको बहाव बढी Flash Flood आउने गरेको कारण निर्माणाधीन संचरनाहरुमा क्षति पुगि पटक पटक काबू बाहिरको परिस्थिति श्रृजना हुँदैआएको र मिति २०७८ साल आषाढ १ गते ठूलो बाढी (Flash Flood) आइ आयोजनाको बाँधस्थलमा ठूलो क्षति भएको, साईटको क्याम्पबाट विद्युतगृह जाने पहुँचमार्ग पूर्ण रुपमा क्षति भएको, विद्युत आपूर्ति अवरुद्ध भएको, टेलरेस सुरुङ्गबाट भुमिगत विद्युतगृहको तल्लो सतह (Valve Floor) बाट ७.५ मि. माथिसम्म बाढी पसि लेदो सहितको पानी जमेर जडानका लागि राखिएका कही विद्युतिय उपकरणहरु डुवानमा परेको लगायतका कारणले लक्षित कार्यप्रगती हासिल गन नसकि निर्माण अवधी बढने देखिएको कारण RCOD extension को लागि कम्पनीबाट नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) लाई अनुरोध गरिएको र ने.वि.प्रा. अन्तर्गत निर्माणाधिन चिलिमे हब र त्रिशुली ३ बी हब सबस्टेशन तथा चिलिमे-त्रिशुली ३ बी प्रशारण लाइन आयोजना समेत कोभिड-१९ तथा अन्य कारणबाट प्रभावित भई निर्माण सम्पन्न गर्न थप समय लाग्ने देखिएकोले हाललाई दुवै पक्ष (ने.वि.प्रा. र कम्पनी) को सहमतीमा मिति २०७९ साल श्रावण १५ (तदनुसार ३१ जुलाई २०२२) सम्म RCOD कायम गरिएको छ । साथै तत्पश्चातको RCOD extension को लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।

**<u>कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।</u>**

(क) प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त गरी रसुवा जिल्लाको भोटेकोशी खोलामा उपलब्ध जलश्रोत उपयोग गरी रसुवागढी जलविद्युत आयोजना निर्माण, संचालन र व्यवस्थापन गर्ने र उक्त आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने ।

(ख) सम्भाव्य जलविद्युत आयोजनाको पहिचान गरी अनुमतिपत्र प्राप्त गरी सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापन गर्ने र ती आयोजनाहरुबाट उत्पादिन विद्युत शक्ति बिक्री गर्ने ।

(ग) विभिन्न जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापन गर्न अन्य कम्पनीसँग मिली लगानी गर्ने वा नयाँ कम्पनी स्थापना गरी सो कार्य गर्ने ।

(घ) उत्पादित विद्युत शक्ति बिक्री वितरणका निमित्त आवश्यकता अनुसार सबस्टेशन तथा प्रशारण लाईनहरु निर्माण गर्ने र राष्ट्रिय प्रसारण प्रणालीसँग जोडी बिक्री वितरण गर्न आवश्यक व्यवस्था गर्ने ।

(ङ) उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा कुनै संगठित संस्थालाई एक मुष्ट बिक्री गर्ने वा प्रचलित कानूनको अधिनमा रही आफ्नै प्रशारण लाइन विकास गरी वा अन्य निकायको प्रशारण लाइन प्रयोग गरी उपभोक्ताहरुलाई बिक्री विरतण गर्ने ।

(च) उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै संगठित संस्थालाई एकमुष्ठ बिक्री गर्ने सम्बन्धमा सम्झौता गर्ने ।

(छ) प्रचलित कानून बमोजिम स्वीकृति लिई उत्पादित जलविद्युत विदेशमा निर्यात गर्ने ।

(ज) कम्पनीको उद्देश्य प्राप्तिको लागि सहायक कम्पनी संचालन गरी लगानी गर्ने, संगठित संस्थाहरुको शेयर पूँजीमा लगानी गर्ने तथा संगठित संस्था वा उद्योगहरुको प्रबर्धन र विकास गर्ने ।

(झ) जलविद्युत आयोजनाको पहिचान, सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापनसँग सम्वन्धित र सहायक हुने अन्य आवश्यक काम गर्ने, गराउने ।

**<u>आयोजनाको विभिन्न कार्यहरुको कार्यप्रगति विवरण निम्नानुसार रहेको छः</u>**

क) आयोजनाका परामर्शदाता M/S SMEC International Pty Ltd, Australia सँग मिति ३ डिसेम्बर २०१२ मा ठेक्का सम्झौता भएको र सो अनुसार निजले हालसम्म कार्य सम्पादन गर्दै आइरहेको छ । निजले हाल लट-१ र लट-२ ठेकेदारबाट पेश भएका Detail Design/ Drawings को पुनरावलोकन तथा स्वीकृती, आयोजना निर्माणको सुपरिवेक्षण, संयुक्त कार्यतालिका (Overall Joint Coordinated Schedule) तयार पार्ने, ठेकेदारहरुबाट पेश भएका Interim Payment Statement (IPS) हरुको पुनरावलोकन गरी भुक्तानीका लागि सिफारिस गर्ने कार्यहरु गरिरहेको छ ।

ख) लट १ः सिभिल तथा हाइड्रोमेकानिकल निर्माण कार्यको लागि ठेकेदार M/S China International Water & Electric Corportation (CWE), China सँग ५ जनवरी २०१४ मा ठेक्का सम्झौता भई सो अनुसार निजले निर्माण कार्यहरु गर्दै आइरहेको छ । निज ठेकेदारलाई आ.व.२०७८/०७९ चैत्र मसान्त सम्ममा सम्पन्न कार्यप्रगति अनुसार जम्मा अमेरिकी डलर ५,५०,४७,७२८।- र नेपाली रुपैयाँ २,३६,९४,६५,१०७।- भुक्तानी गरिएको छ । यस लट अन्तर्गतका निर्माण कार्यहरुको संक्षिप्त कार्यप्रगति विवरण निम्नानुसार रहेका छन् :

- बाँधस्थलमा Undersluice, Intake तथा Diversion Weir को सिभिल तथा हाइड्रोमेकानिकल तर्फको सम्पूर्ण कार्य सम्पन्न भइसकेको ।
- Desander, Intake Tunnels, Operation Tunnel, Flushing Tunnel & Outlet Tunnels (total length=1155.10m) को कार्य सम्पन्न भएको साथै भूमिगत डिसेन्डर #1 र #2 मा कंक्रिटिङ्गको कार्य सम्पन्न भई S4 Flushing Pipe जडान भइसकेको र डिसेन्डर #3 मा ८५% कंक्रिटिङ्गको कार्य सम्पन्न भएको ।
- ४१८५ मीटर लामो Headrace सुरुङ्गको Invert Concret सम्पन्न गरी Concret Lining को कार्य सम्पन्न भइसकेको । Final Layer Shotcreting र Consolidation Grouting को कार्य अन्तिम चरणमा रहेको ।
- Main Access Tunnel to Powerhouse, Access Tunnel to Transformer Cavern, Valve Chamber, Surge Tank Aeration Tunnel & all Construction Adits (total length=1501.45m) को कार्य सम्पन्न भएको ।
- Surge Tank (H=61.4m, Dia=16m) को Full Section Excavation कार्य सम्पन्न भई कंक्रिटिङ्गको कार्य भइरहेको । Penstock Vertical Shaft (H=133.4m, Dia=6m) को सम्पूर्ण कार्य सम्पन्न भइसकेको ।
- Underground Powerhouse मा सिभिल तर्फको कार्य सम्पन्न भईसकेको । साथै EOT Crane को जडान कार्य, तिनवटै Bus-Bar Tunnels (Total Length= 91m) को कार्य सम्पन्न भएको ।
- Underground Transformer Cavern मा सिभिल कार्य सम्पन्न भएको ।
- तीनवटै Draft Tube Tunnel (Total Length=147m) को Steel Lining को कार्य सम्पन्न भएको । त्यसैगरी Tailrace Branch Tunnel (Total Length= 136m, Dia=4m) को कार्य सम्पन्न भएको ।
- ६ मि. व्यासको ६५९.३० मि. लामो Tailrace Tunnel को Excavation तथा Rock Support को कार्य सम्पन्न भएको । यस क्षेत्रको चेनेज ०+५०९.६० मि. देखि तलतिरको भागमा ठेक्का सम्झौताले निर्दिष्ट गरेभन्दा कमजोर भौगर्भिक

अवस्था (Weak Geology) का कारण सो को Treatment गर्दै Heading Excavation गर्ने कार्य सम्पन्न भई थप कार्य अगाडि बढाइएको अवस्थामा १ आषाढ २०७८ मा आएको ठूलो बाढीका कारण खोलाको लेदो पानी/बालुवा सो सुरुङ्ग मार्फत भूमिगत विद्युत गृहको Generator Floor भन्दा ०.५ मि. तलसम्म जमेकोमा सो को निकास गरी विद्युत गृहमा मेसिन उपकरणहरुको जडान कार्य भईरहेको । साथै टेलरेस सुरुङ्गमा Invert Concret Lining को कार्य भइरहेको ।

ग) लट २ः इलेक्ट्रोमेकानिकल निर्माण कार्यको लागि ठेकेदार M/S VOITH Hydro Pvt. Ltd, India सँग ३१ जुलाई २०१४ मा ठेक्का सम्झौता भएको र हाल निजबाट Electromechanical Equipment हरुका Design/Drawings, Manufacturing, Inspection सम्पन्न गरी मुख्य-मुख्य Electromechanical Equipment: Turbine, Generator, Transformer लगायत अन्य Accessories तथा आवश्यक Embedded Part हरुको Site Delivery गरिसकेको । भूमिगत विद्युतगृहमा EOT Crane Installation भई सो मार्फत विद्युतगृहका अन्य उपकरणहरुको जडान कार्य भइरहेको । Pit Liners, Draft Tubes र Spiral Casing (Unit No. 3, 2 and 1) जडान भई Pressure Test समेत सम्पन्न भईसकेको र तिनवटै यूनिटको Concreting कार्य सम्पन्न भएको । यूनिट नम्बर ३ र यूनिट नम्बर २ को Stator Coil Punching सम्पन्न भएको । यूनिट नम्बर ३ को Turbine Trial Assembly सम्पन्न भई Final Erection अन्तिम चरणमा रहेको । Control Panel तथा Cable Laying कार्य जारी रहेको । साथै Drainage and Dewatering Monorail र Cooling Water System को जडान समेत सम्पन्न भई 11/132 KV Power Transformer हरु को Installation कार्य सम्पन्न भइसकेको । निज ठेकेदारलाई यस आ.व. २०७८/०७९ चैत्र मसान्त सम्ममा Advance Payment वापत रु. १,२५,६२,४४७.०० तथा Interim Payment Certificate (IPC) वापत जम्मा अमेरिकी डलर १,५६,०७,८१६.०० र नेपाली रुपैयाँ १५,८६,६५,९११.०० भुक्तानी गरिएको ।

घ) लट ३ः प्रशारण लाइन अन्तर्गत आयोजनाको विद्युतगृहदेखि चिलिमे हब सबस्टेसन सम्मको १० कि.मी. लामो १३२ के.भी. डवल सर्किट प्रसारण लाईन निर्माणको लागि ठेकेदार मुडभरी एण्ड जोशी कन्स्ट्रक्सन प्रा.लि. सँग मिति २०७४/०३/०१ मा ठेक्का सम्झौता भए पश्चात निज ठेकेदारले Detail Design & Drawings को कार्य सम्पन्न गरी साइट निर्माण कार्य गरिरहेको । प्रशारण लाइन निर्माणको लागि सो क्षेत्रमा आवश्यक पर्ने सरकारी जग्गाको भोगाधिकार प्राप्त भइ निजी जग्गा स्थायी रुपमा प्राप्तिका लागि जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम प्रकृया अगाडि बढाइ मुआब्जा वितरण समेत सम्पन्न भइसकेको । साथै प्राप्त भइसकेका जग्गाहरुमा ठेकेदारले Tower को स्वीकृत Design/Drawings बमोजिम जग निर्माण कार्य गरिरहेको । निज ठेकेदारलाई आ.व. २०७८/०७९ चैत्र मसान्तसम्ममा Advance Payment वापत जम्मा रु. ८७,३२,८०५.०० तथा Interim Payment Certificate वापत जम्मा रु.४,१९,९५,०५८.०० भुक्तानी गरिएको ।

आयोजनाको हालसम्मको समष्टिगत कार्यप्रगति ८७% रहेको । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विवरण | अवस्था | कार्य प्रगती (%) |
|---|---|---|
| १. फाइनान्सियल क्लोजर | सम्पन्न | १०० |
| २. हेडवर्क्स | | |
| क. सिभिल | वोर्क ईन प्रोग्रेस | ९८ |
| ख. हाइड्रोमेकानिकल | वोर्क ईन प्रोग्रेस | ९५ |
| ३. टनेल/सर्ज टैंक | | |
| क. एक्सकाभेशन | सम्पन्न | १०० |
| ख. सपोर्ट | वोर्क ईन प्रोग्रेस | ६० |
| ४. पेनस्टक लाईनिङ्ग | | |
| क. एक्सकाभेशन | सम्पन्न | १०० |
| ख. पाईप इरेक्शन | सम्पन्न | १०० |
| ग. कन्क्रीटिङ्ग | वोर्क ईन प्रोग्रेस | ९५ |
| ५. विद्युतगृह (सिभिल) | | |
| क. एक्सकाभेशन | सम्पन्न | १०० |
| ख. कन्क्रीटिङ्ग | सम्पन्न | १०० |
| ६. विद्युतगृह (इलेक्ट्रोमेकानिकल) | | |
| क. फेब्रिकेशन | वोर्क ईन प्रोग्रेस | ९८ |
| ख. सप्लाई | वोर्क ईन प्रोग्रेस | ९८ |
| ग. इरेक्शन | वोर्क ईन प्रोग्रेस | ४० |
| ७. प्रशारण लाईन | | |
| क. फाउण्डेसन | वोर्क ईन प्रोग्रेस | ८० |

| | | |
|---|---|---|
| ख. फेब्रिकेशन | वोर्क ईन प्रोग्रेस | ५० |
| ग. सप्लाई | वोर्क ईन प्रोग्रेस | १० |
| घ. इरेक्शन | | ० |
| ङ. लाईन तान्ने कार्य | | ० |

(च) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** रसुवा जिल्लामा रहेको भोटेकोशी नदीको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवक्समा डाइभर्सन बाँध, इनटेक अण्डरसुलुस, भुमिगत डिस्यान्डिङ बेसिन, हेडरेस सुरुङ, सर्ज टैंक, पेनस्टक, भुमिगत विद्युतगृह, टेलरेस् सुरुङ्ग आदी संरचना रहेका छन । आयोजनाबाट १११ मे.वा. विद्युत उत्पादन गर्न भुमिगत विद्युतगृहमा ३७ मे.वा. का ३ वटा फान्सिस टर्वाइन र ४३.७५ एम.भी.ए का ३ वटा जेनेरेटर जस्ता उपकरणहरुको प्रयोग गरिएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** कम्पनीले हाल नेपालको वागमती प्रदेशको रसुवा जिल्लामा बहने भोटेकोशी नदीको पानी उपयोग गरी उत्पादन गर्ने विद्युत विक्रि गर्न नेपाल विद्युत प्राधिकरणसंग सम्झौता गरेको छ । तसर्थ, नेपाल विद्युत प्राधिकरणको बजार क्षेत्र नै यस कम्पनीको बजार क्षेत्र रहेको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफ्नो उदेश्यसंग मेल खाने देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाब्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माण गरी नेपालको जलबिद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता अनुसार राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :** कम्पनीबाट निर्माणाधिन रसुवागढी जलविद्युत आयोजनाको उत्पादन क्षमता १११ मेगावाट रहेको र उत्पादन हुने सवै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत बिक्री वितरण गरिनेछ । आयोजनाबाट विद्युत उत्पादन हुने अनुमानित मिति २०७९/०३/११ रहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** वागमती प्रदेश, रसुवा जिल्ला, गोसाइकुण्ड गाउँपालिका वडा नं. १ थुमन र वडा नं. २ टिमुरे गाउँको सिमाना भएर बहने भोटेकोशी नदीको पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** आयोजनाको निर्माण अवधीमा गर्नुपर्ने गुण नियन्त्रणका लागि विदेशी परामर्शदाता नियुक्त गरी निजमार्फत सम्पूर्ण निर्माण कार्यको अनुगमन तथा नियन्त्रण भइरहेको छ ।

(१०) **अनुसन्धान तथा विकास** : कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको अध्ययन/अनुसन्धान पुरा गरी हाल यस आयोजनाको विकास/निर्माण भैरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रकोपका कारण नेपाल सरकारद्वारा घोषणा भएको बन्दाबन्दी र मिति २०७८/०३/०१ मा आयोजना क्षेत्रमा आएको ठूलो बाढीका कारण टेल्रेस सुरुङ्ग हुँदै भूमिगत विद्युत गृहमा बाढीको पानी पसी क्षति पुग्दा आयोजनाको निर्माणमा वाधा व्यवधान खडा भएको थियो ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** कम्पनीद्धारा निर्माणाधिन आयोजनाबाट विद्युत उत्पादन भए पश्चात् एकमात्र खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहने गरी विद्युत खरीद बिक्री सम्झौता भएको ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

आयोजना हाल निर्माणाधिन अवस्थामा रहेको र निर्माण सम्पन्न गर्नका लागि निम्न बमोजिम ठेक्का सम्झौता भईसकेको ।

क) आयोजनाको परामर्श सेवा कार्यका लागि परामर्शदाता M/S SMEC International Pty. Ltd., Australia सँग मिति २०६९/०८/१८ मा ठेक्का सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको ।

ख) आयोजनाको लट १: सिभिल तथा हाइड्रोमेकानिकल कार्यका लागि ठेकेदार M/S China International Water and Electric Corporation (CWE), China सँग मिति २०७०/०९/२१ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

ग) आयोजनाको लट २: इलेक्ट्रोमेकानिकल कार्यका ठेकेदार M/S VOITH Hydro Pvt. Ltd., India सँग मितिः २०७१/०४/१५ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

### ग.३.ख. सम्पत्तिको विवरण :

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** यस कम्पनी अर्न्तगत रसुवा जिल्लामा अवस्थित रसुवागढी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको छ । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पत्ति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | सम्पतिको विवरण | खुद सम्पत्ति रकम | |
|---|---|---|---|
| | | २०७७/७८ | २०७६/७७ |
| (क) | **कम्पनी तर्फ** | | |
| | कार्यालय सामाग्री | १०,८३,६२३ | १,३७७,५९१ |
| | फर्निचर तथा फिक्चर | ७,४५,७४९ | ६४०,१५८ |
| | सवारी साधन | ९४,९६,६३६ | ६८,७७,५२३ |
| | विविध सम्पत्ती | ४,२६,०७४ | २,१८,६४६ |
| | सफ्टवेयर | १,३१,७५६ | १,६४,६९६ |
| | **जम्मा (क)** | **१,१८,८३,८३८** | **९२,७८,६१३** |
| (ख) | **आयोजना तर्फ** | | |
| | जग्गा | ३,८२,३९,३१६ | २,७९,७०,०९७ |
| | ११ केभी वितरण लाइन | ६३,०७,४४७ | ७४,२०,५२६ |
| | अस्थायी कार्यालय भवन तथा आवास गृह | ४,१७,७२,४८० | ४,३५,२४,९०० |
| | ज्यावल एवं उपकरण | १,१२,३७,००२ | १,३१,५९,८२८ |
| | कार्यालय सामाग्री | २६,८१,१८६ | २९,४८,४३१ |
| | फर्निचर तथा फिक्चर | २७,६३,७०९ | ३३,६३,३३१ |
| | सवारी साधन | २,९५,८८,६२१ | ३,६९,८५,७७६ |
| | विविध सम्पत्ती | १९,०६,१०६ | २,४८७,११५ |
| | सफ्टवयर | २९,४६६ | ३६,८३२ |
| | **जम्मा (ख)** | **१३,४५,२५,३३३** | **१३,७८,९६,८३५** |
| **जम्मा (क) + (ख)** | | **१४,६४,०९,१७१** | **१४,७१,७५,४४८** |

कम्पनीको सम्पत्ति कम्पनीको केन्द्रिय कार्यालय, महाराजगंज, काठमाडौं तथा आयोजना निर्माण स्थल रसुवा जिल्लामा चालु अवस्थामा रहेको छ । यस सम्बन्धि विस्तृत विवरण अनुसूची २ मा समावेश गरिएको छ ।

**(ख) बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**

आयोजनाको भौतिक संरचनाहरु निर्माण प्रयोजनका लागि कम्पनीले स्थानीय व्यक्तिहरुका नाममा दर्ता कायम रहेको जम्मा क्षेत्रफल १५-८-३-२ (पन्ध्र रोपनी आठ आना तीन पैसा दुई दाम) जग्गा खरिद गरी कम्पनीको नाममा नामसारी गरेको । त्यसैगरी २०७० पौष २५ गते बन बिभाग, राष्टिय निकञ्ज तथा वन्यजन्त सरक्षण बिभाग र यस कम्पनी बीच भएको त्रिपक्षीय सम्झौता बमोजिम आयोजनाका लागि आवश्यक वनक्षेत्रको २२.२९ हेक्टर जग्गा नेपाल सरकार मन्त्रीपरिषद्को निर्णय बमोजिम ३५ वर्षको अवधीका लागि लिजमा लिईएको । उक्त जग्गा लिजमा लिए वापत आ.व. २०७७/०७८ का लागि जम्मा रु. १,२०,०८५/- भुक्तानी गरिएको । साथै हरेक वर्ष उक्त रकम १० प्रतिशतले बृद्धि हुने प्रावधान रहेको ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :

कर्मचारी सञ्चय कोष, चिलिमे जलविद्युत कम्पनी र रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड बीच मिति २०६८।०८।२२ मा भएको त्रिपक्षीय ऋण सम्झौता बमोजिम कर्मचारी सञ्चयकोषले रसुवागढी जलविद्युत आयोजना निर्माणको लागि ६,८४,२१,००,०००/- (अक्षरेपी छ अर्ब चौरासी करोड एक्काइस लाख रुपैयाँ मात्र) र मिति २०७७/०४/१४ मा भएको

पुरक ऋण सम्झौता बमोजिम १ अर्ब २० करोड थप कर्जा लगानी गर्ने सम्झौता अनुरुप र उक्त दुबै कर्जा र सो को ब्याज तथा अन्य दैदस्तुर समेत खाम्ने गरी सुरक्षण बापत कम्पनीको नाममा हाल रहेको र पछि सिर्जना हुने आयोजनाको चल अचल सम्पत्ति तथा चिलिमे जलविद्युत कम्पनीको नाममा रहेको रसुवा जिल्ला स्थित २२.१ मेगावाट क्षमताको चिलिमे जलविद्युत आयोजना कर्मचारी सञ्चयकोषको नाममा दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन पास गरिएको छ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** लागू नहुने ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : लागू नहुने ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**
कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेकोले नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने र सो आयोजनाहरुको निर्माण गरी उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशमा उर्जाको विकासमा महत्वपूर्ण भूमिका खेल्ने ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको ब्यवसायको भविष्य:**
देशमा माग बमोजिम विद्युत आपूर्ति भइरहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु सह्रानीय काम भएको र विद्युत उत्पादन हुनु अगावै नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग संग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुने देखिन्छ ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**
कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ११ (एघार) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | ५ जना |
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | ४ जना |
| स्वतन्त्र संचालक | २ जना |
| **जम्मा** | **११ जना** |

सर्वसाधारण समूहमा शेयर निष्काशन तथा बिक्री सम्पन्न नभएसम्म वा संस्थापकमात्र शेयरधनी कायम रहेसम्म कम्पनीको संस्थापक शेयरधनी चिलिमे जलविद्युत कम्पनीले नियुक्त वा मनोनयन गरेको ३ (तीन) जना, नेपाल विद्युत प्राधिकरणबाट नियुक्त वा मनोनयन २ (दुई) जना, अन्य संस्थापकबाट नियुक्त वा मनोनयन गरेको १ (एक) जना र कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताको तर्फबाट कोषबाट नियुक्त वा मनोनयन गरेको १ (एक) जना संचालक रहेको संचालक समिति रहनेछ ।

अन्य संस्थापकहरुबाट १ जना संचालक मनोनयन भई नआएकोले हाल ६ जना सञ्चालक रहेको सञ्चालक समिति रहेको छ ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :**

**<u>अधिकृत पुँजी :</u>** कम्पनीको अधिकृत पूँजी रु.७,००,००,००,०००/- (अक्षरेपी सात अर्व रुपैंया) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ७,००,००,००० (सात करोड) थान शेयरमा बिभाजन गरिएको छ ।

**<u>जारी पुँजी :</u>** कम्पनीको जारी पूँजी रु.६,८४,२१,००,०००/- (अक्षरेपी छ अर्व चौरासी करोड एक्काइस लाख रुपैंया) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ६,८४,२१,००० (छ करोड चौरासी लाख एक्काइस हजार) थान शेयरमा बिभाजन गरिएको छ ।

**<u>चुक्ता पुँजी :</u>** कम्पनीको चुक्ता पूँजी रु.६,१५,७८,९०,०००/- (अक्षरेपी छ अर्व पन्ध्र करोड अठहत्तर लाख नब्बे हजार मात्र) रहेको छ । आयोजना प्रभावित क्षेत्रका वासिन्दाका निमित्त छुट्टाइएको रु. ६८,४२,१०,०००/- (अक्षेरेपी अठ्सठ्ठी करोड बयालिस लाख दश हजार) रकम बराबरको रु.१००/- अंकित दरको ६८,४२,१०० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.६,८४,२१,००,०००/- (अक्षरेपी छ अर्व चौरासी करोड एक्काइस लाख रुपैंया) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।** **रु. हजारमा**

| क्र.सं | विवरण | २०६८/२०६९ | २०७०/२०७१ | २०७२/२०७३ | २०७३/२०७४ | २०७४/२०७५ | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | अधिकृत पूँजी | ६,५०,००,०० | ६,५०,००,०० | ७,००,००,०० | ७,००,००,०० | ७,००,००,०० | ७,००,००,०० | ७,००,००,०० | ७,००,००,०० |
| २. | जारी पूँजी | ५०,००,०० | ६,२५,००,०० | ६,८४,२१,०० | ६,८४,२१,०० | ६,८४,२१,०० | ६,८४,२१,०० | ६,८४,२१,०० | ६,८४,२१,०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | चुक्ता पूँजी | २५,५०,०० | २,२०,५०,०० | ३,०४,५०,०० | ३,४३,२४,४८ | ५,१३,१५,७५ | ६,१५,७८,९० | ६,१५,७८,९० | ६,१५,७८,९० |

**(ख) निष्काशन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**
कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार यस निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूजीको संरचना देहाय बमोजिम रहेकोछ :

| क्र.सं. | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी समुह | ३४,८९४,७१० | ३,४८९,४७१,००० | ५१% | शतप्रतिशत |
| २. | कर्मचारी सञ्चयकोषमा रकम संचित गर्ने सञ्चयकर्ता कर्मचारी, ऋणदाता संस्थाका कर्मचारी र संस्थापक संगठित संस्थाका कर्मचारीहरु | १६,४२१,०४० | १,६४२,१०४,००० | २४% | शतप्रतिशत |
| ३. | सर्वसाधारण | १०,२६३,१५० | १,०२६,३१५,००० | १५% | शतप्रतिशत |
| ४. | आयोजना प्रभावित रसुवा जिल्लाका स्थानीय वासिन्दा | ६,८४२,१०० | ६८४,२१०,००० | १०% | शेयर निष्काशन पश्चात् |
| | **जम्मा** | **६८,४२१,०००** | **६,८४२,१००,०००** | १०० % | |

नोट :- आयोजना प्रभावित रसुवा जिल्लाका स्थानीय वासिन्दाहरुलाई बिक्री गरिने शेयर चुक्ता हुन बाँकी रहेको छ ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** शेयर प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

**ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :**
**ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाडौं । | संस्थापक शेयरधनी | लागु नहुने | नेपाली | २,२४,३७,३१० | लागु नहुने | जलविद्युत विकास तथा उत्पादनमा लामो अनुभव रहेको । |
| २. | नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाडौं । | संस्थापक शेयरधनी | लागु नहुने | नेपाली | १,२३,१५,७८० | लागु नहुने | जलविद्युत विकास, उत्पादन, प्रशारण तथा वितरणमा लामो अनुभव रहेको । |

**संचालकहरुको विवरण**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) | ब्यापार / ब्यवसाय |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री माधव प्रसाद कोइराला, का.म.न.पा ३१, मिनभवन, काठमाडौ (प्रतिनिधी– चिलिमे जलविद्युत कम्पनी लि. ) | अध्यक्ष | ५७ | नेपाली | ३,०८८ कित्ता | स्नातकोत्तर (वाटर रिसोर्स इन्जिनियरिङ्ग) | नेपाल विद्युत प्राधिकरण तथा अन्य कम्पनीमा रहि जलविद्युत विकासको क्षेत्रमा ३० वर्षको कार्य अनुभव | सो नभएको । |
| २. | श्री प्रवल अधिकारी, बुढानिलकण्ठ न.पा.वडा नं. ९, मण्डिखाटार, काठमाडौं (प्रतिनिधी– नेपाल विद्युत प्राधिकरण) | संचालक | ५५ | नेपाली | ३,०८८ कित्ता | स्नातकोत्तर (पावर सिस्टम इन्जिनियरिङ) | नेपाल विद्युत प्राधिकरण तथा अन्य कम्पनीमा रहि जलविद्युत विकासको क्षेत्रमा २४ वर्षको कार्य अनुभव | सो नभएको । |
| ३. | श्री सुभाष कुमार मिश्र (प्रतिनिधी– नेपाल विद्युत प्राधिकरण) बुढानिलकण्ठ न.पा.वडा नं. १०, प्रगतिनगर, नीलोपुल, | संचालक | ५४ | नेपाली | २७० कित्ता | स्नातकोत्तर (रिन्यूएवल इनर्जी ) | नेपाल विद्युत प्राधिकरण तथा अन्य कम्पनीमा रहि जलविद्युत विकासको क्षेत्रमा २७ वर्षको कार्यको अनुभव | सो नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | काठमाडौं | | | | | | | |
| ४. | श्री राम प्रसाद रिमाल, टोखा न.पा.वडा नं. ११, गोंगबु काठमाण्डौ (प्रतिनिधी– चिलिमे जलविद्युत कम्पनी लि. ) | संचालक | ५४ | नेपाली | ३,०८८ कित्ता | स्नातक (अर्थशास्त्र) | नेपाल विद्युत प्राधिकरण तथा अन्य कम्पनीमा रहि जलविद्युत विकासको क्षेत्रमा ३४ वर्षको कार्य अनुभव | सो नभएको । |
| ५. | श्री भिम प्रसाद तिमल्सिना, कागेश्वरी मनोहरा वडा नं. ९, विरेन्द्रचोक, काठमाडौं (प्रतिनिधी–चिलिमे जलविद्युत कम्पनी लि.) | संचालक | ४२ | नेपाली | ३,०८८ कित्ता | स्नातक (व्यवस्थापन) | बैंक/वित्तीय संस्था तथा पुँजी बजारमा १६ वर्षको कार्य अनुभव | कार्यकारी अध्यक्ष, भेन्चर क्यापीटल प्रा.लि., |
| ६. | श्री ध्रुव प्रसाद अधिकारी ललितपुर २२, ललितपुर (प्रतिनिधी– कर्मचारी संचयकोष) | संचालक | ३९ | नेपाली | १,१०६ कित्ता | चार्टर्ड एकाउण्टेण्ट, स्नातकोत्तर (अर्थशास्त्र) | कर्मचारी संचय कोष तथा राष्ट्रिय वाणिज्य बैंकमा आर्थिक प्रशासनको क्षेत्रमा १३ वर्षको कार्य अनुभव | सो नभएको । |

**नोटः** यस कम्पनीको संचालक समिति संस्थापक समुहबाट ५, सर्वसाधारण समुहबाट ४ र स्वतन्त्र विज्ञ २ जना गरी जम्मा ११ जनाको हुने व्यवस्था रहेको । संस्थापक शेयरधनीमा व्यक्ति नभई संगठित संस्था मात्र रहेको र सर्वसाधारण शेयरधनीमा महिला पनि शेयरधनी रहेकोले संचालक समितिमा १ जना महिला अनिवार्य रहने प्रावधान यस कम्पनीको प्रबन्धपत्रमा नै संशोधन गरी व्यवस्था गरिएको भएता पनि सर्वसाधारण समुह अन्तर्गतको सम्पूर्ण शेयर निष्काशन तथा विक्रि वितरण भैनसकेकाले संचालकहरुको मनोनयन तथा नियुक्ति हुन नसकेको । यस निष्काशन पश्चात सर्वसाधारण समुह तर्फको पनि सम्पूर्ण शेयरको निष्काशन तथा बाँडफाँड सम्पन्न हुने भएकाले यस कम्पनीको आगामी वार्षिक साधारण सभाबाट अनिवार्य रुपमा महिला संचालक नियुक्त हुने प्रबन्ध मिलाइने ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| संस्थापकहरुको नाम तथा ठेगाना | सक्षिप्त विवरण | संचालकहरुको नाम तथा ठेगाना |
|---|---|---|
| नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाण्डौ | नेपाल विद्युत प्राधिकरण ऐन २०४१ बमोजिम मिति २०४२ भाद्र १ अर्थात सन् १९८५ अगष्ट १६ मा विद्युत उत्पादन, प्रशारण र बिक्री वितरणको व्यवस्थापन गर्ने उद्देश्यले सरकारी स्वामित्वमा नेपाल विद्युत प्राधिकरणको स्थापना भएको हो । | माननीय मन्त्री श्री पम्फा भुषाल, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय<br>श्री देवेन्द्र कार्की सचिव, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय<br>श्री कृष्ण हरी पुष्कर कर्ण सचिव, अर्थ मन्त्रालय<br>श्री विश्व प्रकाश गौतम, नेपाल विद्युत प्राधिकरण, काठमाण्डौ<br>श्री राजेन्द्र बहादुर क्षेत्री, नेपाल विद्युत प्राधिकरण, काठमाण्डौ<br>श्री भक्तबहादुर पुन, नेपाल विद्युत प्राधिकरण, काठमाण्डौ<br>श्री कपील आचार्य, नेपाल विद्युत प्राधिकरण, काठमाण्डौ<br>श्री कुलमान घिसिङ, कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण, काठमाण्डौ |
| चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाडौं | नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत शेयर स्वामित्वमा नेपालमा रहेको जलश्रोतको उपयोग गरी विद्युत उत्पादन गर्ने उद्देश्यले मिति २०५२ सालमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको हो । | श्री कुलमान घिसिङ, काठमाडौं<br>श्री हरराज न्यौपाने, काठमाडौ<br>श्री माधव प्रसाद कोइराला, काठमाडौं<br>श्री रामजी भण्डारी, काठमाडौं<br>श्री तुलसी राम ढकाल, काठमाडौं<br>श्री शान्ति लक्ष्मी शाक्य काठमाडौं<br>श्री राम प्रसाद रिमाल, काठमाडौं<br>श्री भिम प्रसाद तिमिल्सिना, काठमाडौं<br>श्री जगत कुमार श्रेष्ठ काठमाडौं<br>श्री सुमन प्रसाद शर्मा काठमाडौं |
| रसुवा जिल्लाका स्थानीय तहहरु । | श्री जिल्ला समन्वय समितिको कार्यालय, रसुवा<br>श्री नौकुण्ड गाउँपालिका, रसुवा<br>श्री कालिका गाउँपालिका, रसुवा<br>श्री उत्तरगया गाउँपालिका, रसुवाको | |

| | | |
|---|---|---|
| | शेयर स्वामित्व रहेको । | |

(ग) **संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री माधव प्रसाद कोइराला, का.म.न.पा ३१, मिनभवन, काठमाडौं (प्रतिनिधी– चिलिमे जलविद्युत कम्पनी लि.) | उप कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाडौं । प्रमुख कार्यकारी अधिकृत, एनइए इन्जिनियरिङ्ग कम्पनी लि. |
| २. | श्री प्रवल अधिकारी, बुढानिलकण्ठ न.पा.वडा नं. ९, मण्डिखाटार, काठमाडौं (प्रतिनिधी– नेपाल विद्युत प्राधिकरण) | निर्देशक, नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाडौं । |
| ३. | श्री सुभाष कुमार मिश्र (प्रतिनिधी– नेपाल विद्युत प्राधिकरण) | निर्देशक, नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाडौं । प्रमुख कार्यकारी अधिकृत, चिलिमे जलविद्युत कम्पनी लि. । |
| ४. | श्री राम प्रसाद रिमाल, टोखा न.पा.वडा नं. ११, गोंगबु काठमाडौं (प्रतिनिधी– चिलिमे जलविद्युत कम्पनी लि.) | संचालक, चिलिमे जलविद्युत कम्पनी लिमिटेड, धुम्बाराही, काठमाडौं । सहायक प्रशासकिय अधिकृत, नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाण्डौ । |
| ५. | श्री भिम प्रसाद तिमल्सिना, कागेश्वरी मनोहरा वडा नं. ९, विरेन्द्रचोक, काठमाडौं (प्रतिनिधी–चिलिमे जलविद्युत कम्पनी लि.) | संचालक, चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाडौं । संचालक, आरएमडिसि लघुवित्त वित्तीय संस्था लि. कार्यकारी अध्यक्ष, भेन्चर क्यापीटल प्रा.लि., अनामनगर, काठमाडौं । |
| ६. | श्री ध्रुब प्रसाद अधिकारी ललितपुर म.न.पा वडा नं. २२, ललितपुर (प्रतिनिधी– कर्मचारी संचयकोष) | मुख्य प्रबन्धक, कर्मचारी संचय कोष । |

**नोटः** *सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको व्यहोरा जानकारी गराईन्छ ।*

(घ) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न संचालक समितिको स्वीकृती लिनु पर्नेछ । स्वीकृती बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

(ख) कम्पनीको शेयर प्रचलित कानूनको अधिनमा रहि व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई बिक्री गर्न सकिनेछ । कम्पनीको शेयर चल सम्पत्ती सरह प्रचलित कानूनको अधिनमा रहि खरीद बिक्री वा हस्तान्तरण गर्न सकिने छ । सर्वसाधारणमा शेयर जारी गरेपछि शेयर सूचिकरण गराई प्रचलित कानून बमोजिम धितोपत्र बजार मार्फत कारोवार हुने व्यवस्था मिलाईने छ ।

(ग) सर्वसाधारण शेयरधनी समूह अर्न्तगत सर्वसाधारण बाहेक अन्य उपसमूह (संस्थापक संगठित संस्थाका कर्मचारी, कर्मचारी संचयकोषमा रकम जम्मा गर्ने संचयकर्ता कर्मचारी, ऋणदाता संस्थाका कर्मचारी, कम्पनीका कर्मचारी तथा आयोजना प्रभावित रसुवा जिल्लाका स्थानीय बासिन्दा) का लागि बाँडफाँड गरिएको/गरिने शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ग.५.ख.संस्थापक/संचालक सँगको कारोबार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री छवि लाल गैह्रे | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर (वाटर रिसोर्स इन्जिनियरिङ्ग) | २०७८ मंसिर १७ | नेपाल विद्युत प्राधिकरण तथा अन्य जलविद्युत आयोजनाहरुमा रहि जलविद्युत विकासको क्षेत्रमा २१ वर्षको कार्य अनुभव | २,९९४ कित्ता |
| २. | श्री सत्यराम ज्याख्वा | आयोजना प्रमुख | स्नातकोत्तर (जलश्रोत इन्जिनियरिङ्ग) | २०७८ पुष ३ | नेपाल विद्युत प्राधिकरण तथा अन्य जलविद्युत आयोजनाहरुमा रहि जलविद्युत विकासको क्षेत्रमा १८ वर्षको कार्य अनुभव | २७० कित्ता |
| ३. | श्री धर्मराज शर्मा | वित्त महाशाखा प्रमुख | चार्टर्ड एकाउण्टेण्ट | २०७० श्रावण ४ | वित्त, लेखा र कर सम्बन्धी कार्यमा १६ वर्षको कार्यानुभव | ३,१३७ कित्ता |
| ४. | श्री नरनाथ न्यौपाने | कम्पनी सचिव/ खरिद तथा जिन्सी व्यवस्थापन महाशाखा प्रमुख | स्नातकोत्तर (वित्तीय व्यवस्थापन) | २०७१ पुष २२ | खरिद तथा जिन्सी व्यवस्थापन, वित्तीय व्यवस्थापन, प्रशासन, कम्पनी सचिव तथा अन्य क्षेत्रमा गरी १९ वर्षको कार्यानुभव । | ३,०८९ कित्ता |
| ५. | श्री सरोज अधिकारी | प्रशासन महाशाखा प्रमुख | स्नातकोत्तर (व्यापार प्रशासन) | २०६९ मंसीर २४ | प्रशासन तथा सूचना प्रविधिको क्षेत्रमा ११ वर्षको कार्यानुभव | ३१५३ कित्ता |

*नोट : उपरोक्त बमोजिमका कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको तथा अन्य कुनै संगठित संस्थामा लगानी नरहेको ।*

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : यस** कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री विश्व मल्ल नेपाल विद्युत प्राधिकरणको कर्मचारी रहनुभएको र उहाँ मिति २०७८/०७/०५ देखि उमेर हदका कारण उक्त संस्थाबाट अनिवार्य अवकाश हुनुभएबाट यस कम्पनीद्वारा निर्माणाधीन आयोजनाको तात्कालीन आयोजना प्रमुख श्री छवि लाल गैह्रेलाई सोही मितिदेखि कम्पनीको निमित्त कार्यकारी प्रमुखको जिम्मेवारी तोकिएको र मिति २०७८/०८/१७ मा बसेको कम्पनीको संचालक समितिको बैठकबाट निज श्री छवि लाल गैह्रेलाई नै यस कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने निर्णय भएको । साथै तात्कालिन आयोजना प्रमुख श्री छवि लाल गैह्रे कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनुभएबाट रिक्त रहेको निर्माणाधीन रसुवागढी जलविद्युत आयोजनाको आयोजना प्रमुखमा संचालक समितिको मिति २०७८/०९/०३ को बैठकको निर्णयबाट आयोजनाको निर्माण महाशाखा प्रमुख श्री सत्यराम ज्याख्वालाई नियुक्त गरिएको ।

**(ग) कर्मचारी संख्या** : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।
श्रम ऐन (संशोधन सहितको) २०७४, ले निर्दिष्ट गरेको कर्मचारीको परिभाषा अनुसार हाल यस कम्पनी तथा निर्माणाधीन रसुवागढी जलविद्युत आयोजनामा नेपाल विद्युत प्राधिकरण तथा चिलिमे जलविद्युत कम्पनी लि. बाट काजमा खटिनुभएका ६ जना, नियमित करार अन्तर्गतका १०६ जना र आंशिक करार अन्तर्गतका १ गरी जम्मा ११३ जना कर्मचारीहरु रहेका ।

**ग.७.ख.संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :** कम्पनीको विनियमावलीमा व्यवस्था भए अनुसार संचालकहरुलाई दिइने भत्ता सुविधा निम्न बमोजिम रहेको :

१. सञ्चालकहरुको प्रति बैठक भत्ता रु ६,०००/- तोकिएको ।
२. संचालकहरुलाई दैनिक भ्रमण भत्ता वापत नेपालमा रु.२,५००/– र विदेशमा प्रति दिन २२५ अमेरिकी डलर दिने व्यवस्था रहेको ।
३. संचालकहरुलाई यातायात तथा संचार सुविधाका लागि प्रति महिना रु. २,५००।- उपलब्ध गराउने व्यवस्था रहेको ।

**(ख) संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम रु. | अवधि |
|---|---|---|---|---|
| १. | श्री विश्व मल्ल | प्रमुख कार्यकारी अधिकृत (आ.व. ०७७/०७८) | रु.२६,२७,०२३/– | आ.व.०७७/०७८ |
| २. | श्री छविलाल गैह्रे | आयोजना प्रमुख (आ.व. ०७७/०७८), मिति २०७८/०८/१७ देखि प्रमुख कार्यकारी अधिकृत | रु.२५,१६,५७६/– | आ.व.०७७/०७८ |
| ३. | श्री धर्मराज शर्मा | वित्त प्रमुख | रु.१६,७०,१२५/– | आ.व.०७७/०७८ |
| ४. | श्री नरनाथ न्यौपाने | कम्पनी सचिव/खरिद तथा जिन्सी व्यवस्थापन महाशाखा प्रमुख | रु.१५,९५,२९३/– | आ.व.०७७/०७८ |

(ग) **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण:** नरहेको ।

**ग.८.अर्न्तनिहित जोखिम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :**

- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पुर्ण रकम प्राप्त भै सकेको र ऋणदाता संस्था श्री कर्मचारी संचय कोषबाट करार बमोजिम रकम उपलब्ध गराईरहेकोले वित्तिय साधनको अभावबाट कुनै पनि जोखिम नहुने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम :**

- जलस्रोतको मुहानको बाताबरणमा अप्रत्यासित रुपमा परिबर्तन भै पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने सम्भावना भएको भए तापनि लामो अवधीको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा पानीको वहाव तय भएको हुँदा उल्लेखित जोखिमको सम्भावना न्युन रहेको ।
- आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइसकेको हुनाले कच्चा पदार्थको अभावबाट कुनै पनि जोखिम नहुने ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :**

- यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने ।
- नेपाल विद्युत प्रधिकरण पुर्णतः नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको ।
- हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखीम :**

- आयोजना स्थल वरिपरी नेपालमा २०७२ को बैशाखमा गएको विनाशकारी भुकम्प र तत्पश्चात्को नाकाबन्दी, कोभिड-१९ को प्रकोप, हरेक वर्षायाममा आउने वाढी पहिरो, लगायतका कारणहरुबाट आयोजनाको निर्माण सम्पन्न हुने अवधि लम्बिएको र मुख्यतः अमेरिकी डलरको तुलनामा नेपाली रुपैयाँमा भएको अवमुल्यन समेतका कारणले प्रति मेगावाट करिव रु. २ करोड ७६ लाख १३ हजार लागत बढ्न जाने देखिएको । साथै सोही कारणले आयोजना सम्पन्न हुन ढिलाई भएको हुँदा पूँजीकृत साँवा र ब्याज बृद्धि हुन जाने तथा प्रशासनिक खर्चमा समेत बृद्धि भई मुल्य अभिबृद्धि हुने जोखिम रहेको ।

**(ङ)** **विदेशी विनिमयको जोखिम :** आयोजनाको अनुमानित लागत तयार पारेको समय भन्दा हाल विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन भएको कारणबाट आयोजनाको निर्माण लागत बढ्ने देखिएको ।

**(च)** **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

**(छ)** **क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** यस्तो जोखीम नरहेको ।

**(ज)** **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखीम :** कर, भन्सार, विद्युतीय उपकरणहरु आयातमा कुनै पनि सरकारी नीतिगत परिवर्तन भएमा यस्ता जोखिम रहने ।

**(झ)** **संचालन इतिहासको अभाव :** संस्थापक संगठित संस्थाहरु विगत लामो समय देखिनै यस प्रकारको आयोजना निर्माण तथा विद्युत उत्पादन गर्दै आईरहेकोले संचालन इतिहासको अभाव नहुने ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम :** पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने उर्जा वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत आयोजना भन्दा पानीबाट उत्पादन हुने विद्युत आयोजनाहरुको जोखिम कम रहेको छ । तथापी भविष्यमा उच्च प्रविधिको विकास भई अन्य श्रोतबाट सस्तो दरमा विद्युत उत्पादन भएमा भने केही हदसम्म यस ब्यबसायमा असर पार्ने जोखिम रहेको छ ।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : हाल आयोजना निर्माणाधीन अवस्थामा रहेको र कुनै कारणवश पुर्वाधार निर्माणमा ढिलाई हुन गएमा आयोजनाको लागतमा बृद्धि हुन सक्ने जोखिम रहेको ।

(ठ) **अन्य :**

- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भइ आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै उत्पादन घाटा हुनसक्ने ।
- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि आयोजनाको सम्पूर्ण सम्पत्तीलाई खाम्ने गरी बिमाको व्यवस्था गरिएको ।
- जलवायु परिर्वतनबाट खोलामा पानीको वहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएको हुँदा अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको ब्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोत जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदीबाट प्राप्त गर्न सकिन्छ । यसमध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा ब्यबस्थापनको रहेको छ । सम्भावित जोखिमहरुलाई न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्वन्धी विवरण तपशिल बमोजिम रहेको छ ।

क) आयोजनाको लट नं. १: सिभिल तथा हाईड्रोमेकानिकल निर्माण कार्यको लागि श्री नेको इन्सुरेन्स कम्पनीबाट ने.रु. २,९६,०१,२८,०३०.४५ र अमेरिकी डलर ६,७३,६१,८०४.४१ बराबरको बीमा गरिएकोमा उक्त अवधि व्यतित भइ नविकरणको प्रक्रियामा रहेको ।

ख) आयोजनाको लट नं. २: ईलेक्ट्रोमेकानिकल निर्माण कार्यको लागि श्री प्रिमियर इन्सुरेन्स कम्पनीबाट ने.रु. २७,५१,२८,३०६.०८ र अमेरिकी डलर १,९५,७९,२९८.०० बराबरको बीमा गरिएको ।

क. Erection All Risk बिमा अवधि : ३१ मे २०२२
ख. Inurance against injury to persons and damage of property बिमा अवधि : ३१ मे २०२२
ग. Group personal accident policy बिमा अवधि : ९ फेबुवरी २०२३
घ. Public liability insurance policy बिमा अवधि : ९ फेबुवरी २०२३

ग) आयोजनाको लट नं. ३: प्रशारण लाइन निर्माण कार्यको लागि श्री एभेरेष्ट इन्सुरेन्स कम्पनीबाट ने.रु. २४,५८,३९,९८८.१६ बराबरको बीमा गरिएको । बीमा अवधि : २१ जनवरी २०२३

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्यमा परिवर्तन हुन सक्ने जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँट, नगद प्रवाह विवरण :** यस कम्पनीको आ.ब. २०७७/०७८ को लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात** **(२०७८ आषाढ मसान्त)**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **सम्पत्ति** | |
| **गैह्र चालु सम्पत्ति** | |
| सम्पत्ति, उपकरण तथा औजार | १४६,२४८ |
| अमुर्त सम्पत्ति | १६१ |
| पूंजीगत कार्यप्रगती | १४,९००,६३२ |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **१५,०४७,०४१** |

| | |
|---|---|
| **चालु सम्पत्ति** | |
| जिन्सी मौज्दात | ४,१८७ |
| अग्रिम भुक्तानी | ९३६ |
| अग्रिम भुक्तानी रकम, पेश्की, सापटी तथा धरौटी | ४७,७३७ |
| व्यवसायिक प्राप्ति | - |
| नगद र बैंक मौजदात | १९१,८६३ |
| **जम्मा चालु सम्पत्ति** | **२४४,७२३** |
| **जम्मा सम्पत्ति** | **१५,२९१,७६४** |
| | |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूंजी | ६,१५७,८९० |
| जगेडा कोष र सचित नाफा | (२३१,२९४) |
| **जम्मा पूँजी** | **५,९२६,५९६** |
| **दायित्व** | |
| **गैह्र चालु दायित्व** | |
| दीर्घकालीन बैंक ऋण | ८,०७१,६९२ |
| **जम्मा गैह्र चालु दायित्व** | **८,०७१,६९२** |
| **चालु दायित्व र व्यवस्था** | - |
| अल्पकालिन बैंक ऋण | ६००,००० |
| व्यवस्थाहरु | २१,३५६ |
| व्यापारिक र अन्य दायित्व | ६७२,१२१ |
| **जम्मा चालू दायित्व** | **१,२९३,४७७** |
| **जम्मा पूँजी र दायित्व** | **१५,२९१,७६४** |
| | |

**नाफा- नोक्सान हिसाब (श्रावण १, २०७७ देखि आषाढ ३१, २०७८)**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **आम्दानी** | |
| विजुली बिक्रीबाट आम्दानी | - |
| बिक्री लागत | - |
| **खर्च** | |
| प्रशासकीय खर्च | (२७,५८२) |
| ह्रास खर्च | (१,९६९) |
| **सञ्चालन नाफा/(नोक्सान)** | **(२९,५५१)** |
| ब्याज आम्दानी | - |
| अन्य आम्दानी /खर्च | ६३ |
| **कर र बोनस अघिको नाफा /(नोक्सान)** | (२९,४८८) |
| कर्मचारी बोनस | - |
| **कर अघिको नाफा /(नोक्सान)** | (२९,४८८) |
| आयकर | - |
| **आयकर कट्टी पछीको खुद नाफा/(नोक्सान)** | (२९,४८८) |

**नगद प्रवाह विवरण (श्रावण १, २०७७ देखि आषाढ ३१, २०७८)**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **कारोवार सञ्चालन बाट नगद प्रवाह** | |
| आयकर तथा कर्मचारी बोनस कट्टी पछिको नाफा/(नोक्सान) | (२९,४८८) |
| **समायोजन** | - |
| नाफा- नोक्सान हिसाबबाट आयकर | - |
| ह्रास खर्च | १,९६९ |

| | |
|---|---|
| विदेशी मुद्रा घाटा | (६) |
| Impairment Loss | - |
| वित्तीय खर्च | - |
| कर्मचारी उपदान, बिदा र कल्याणकारी व्यवस्था | - |
| जिन्सी मौज्दातमा कमी/(बृद्धि) | ५३८ |
| अग्रिम भुक्तानीमा कमी/(बृद्धि) | २३७ |
| पेश्की, सापटी तथा धरौटी व्यवसायिक प्राप्ति रकम | २१,५९९ |
| सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/बृद्धि | १०९,५८२ |
| **कुल समायोजन** | **१३३,९१९** |
| **संचालन गतिविधि बाट खुद नगद प्रवाह (क)** | **१०४,४३१** |
| **लगानी गतिविधिको नगद प्रवाह** | **-** |
| स्थिर सम्पत्तिमा कमी/(बृद्धि) | (१५,७१२) |
| पूंजीगत कार्यप्रगती कमी/(बृद्धि) | (१,८९४,३०१) |
| लगानीमा कमी/(बृद्धि) | - |
| **लगानी सम्बन्धी कारोबारबाट नगद प्रवाह (ख)** | **(१,९१०,०१३)** |
| **वित्तीय श्रोतसम्बन्धी कारोबारबाट नगद प्रवाह** | **-** |
| शेयर पूंजीमा बृद्धि/(कमी) | - |
| ब्रीज ग्याप लोनमा बृद्धि/(कमी) | ६००,००० |
| दीर्घकालीन ऋणमा बृद्धि/(कमी) | १,३२१,००० |
| लाभांश वितरण | - |
| **वित्तीय श्रोत सम्बन्धी कारोबारबाट नगद प्रवाह (ग)** | **१,९२१,०००** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **११५,४१८** |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ७६,४४५ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१९१,८६३** |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

**वासलात** **रकम (रु.हजारमा)**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **आ.व.२०७५/७६** | **आ.व.२०७६/७७** | **आ.व.२०७७/७८** |
| **सम्पत्ति** | | | |
| **गैह् चालु सम्पत्ति** | | | |
| सम्पत्ति, उपकरण तथा औजार | १६५,५१६ | १४६,९७४ | १४६,२४८ |
| अमुर्त सम्पत्ति | ६५ | २०२ | १६१ |
| पूंजीगत कार्यप्रगती | ७,६६१,७९० | १२,३३७,४८९ | १४,९००,६३२ |
| **जम्मा गैह् चालु सम्पत्ति** | **७,८२७,३७१** | **१२,४८४,६६४** | **१५,०४७,०४१** |
| **चालु सम्पत्ति** | | | |
| जिन्सी मौज्दात | ३,३५१ | ४,७२५ | ४,१८७ |
| अग्रिम भुक्तानी | १,२०४ | १,१७३ | ९३६ |
| अग्रिम भुक्तानी रकम, पेश्की, सापटी तथा धरौटी | ९७१,६६९ | ६६,८३७ | ४७,७३७ |
| व्यवसायिक प्राप्ति | ५,४९६ | २,५०० | - |
| नगद र बैंक मौजदात | ५०६,५२५ | ७६,४४५ | १९१,८६३ |
| **जम्मा चालु सम्पत्ति** | **१,४८८,२४५** | **१५१,६७९** | **२४४,७२३** |
| **जम्मा सम्पत्ति** | **९,३१५,६१६** | **१२,६३६,३४३** | **१५,२९१,७६४** |
| | - | - | - |
| **पूँजी तथा दायित्व** | - | - | - |
| **पूँजी** | **-** | **-** | **-** |
| शेयर पूंजी | ६,१५७,८९० | ६,१५७,८९० | ६,१५७,८९० |

| | | | |
|---|---|---|---|
| जगेडा कोष र सचित नाफा | (१२८,७४४) | (२०१,८०७) | (२३१,२९४) |
| **जम्मा पूँजी** | **६,०२९,१४६** | **५,९५६,०८३** | **५,९२६,५९६** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | २,८८६,७३७ | ६,०९६,३५९ | ८,०७१,६९२ |
| जम्मा गैह्र चालु दायित्व | **२,८८६,७३७** | **६,०९६,३५९** | **८,०७१,६९२** |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यवस्थाहरु | १३,७१९ | १६,७९४ | २१,३५६ |
| अल्पकालिन बैंक ऋण | - | - | ६००,००० |
| व्यापारिक र अन्य दायित्व | ३८६,०१५ | ५६७,१०७ | ६७२,१२१ |
| **जम्मा चालू दायित्व** | **३९९,७३४** | **५८३,९०१** | **१,२९३,४७७** |
| **जम्मा पूँजी र दायित्व** | **९,३१५,६१६** | **१२,६३६,३४३** | **१५,२९१,७६४** |

**नाफा- नोक्सान हिसाब** **रकम (रु.हजारमा)**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | **आ.व.२०७५/७६** | **आ.व.२०७६/७७** | **आ.व.२०७७/७८** |
| **आम्दानी** | | | |
| विजुली बिक्रीबाट आम्दानी | - | - | - |
| बिक्री लागत | - | - | - |
| **खर्च** | | | |
| प्रशासकीय खर्च | (३२,५३५) | (३४,६८७) | (२७,५८२) |
| ह्रास खर्च | (४,४८७) | (२,३२४) | (१,९६९) |
| **सञ्चालन नाफा/(नोक्सान)** | **(३७,०२१)** | **(३७,०११)** | **(२९,५५१)** |
| ब्याज आम्दानी | ४४,३१४ | ४,३५८ | - |
| अन्य आम्दानी /खर्च | ३,१६९ | (४०,४०९) | ६३ |
| **कर र बोनस अघिको नाफा /(नोक्सान)** | **१०,४६२** | **(७३,०६२)** | **(२९,४८८)** |
| कर्मचारी बोनस | - | - | - |
| **कर अघिको नाफा /(नोक्सान)** | **१०,४६२** | **(७३,०६२)** | **(२९,४८८)** |
| आयकर | - | - | - |
| **आयकर कट्टी पछीको खुद नाफा/(नोक्सान)** | **१०,४६२** | **(७३,०६२)** | **(२९,४८८)** |

**नगद प्रवाह विवरण** **रकम (रु.हजारमा)**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | **आ.व.२०७५/७६** | **आ.व.२०७६/७७** | **आ.व.२०७७/७८** |
| **कारोवार सञ्चालन बाट नगद प्रवाह** | | | |
| आयकर तथा कर्मचारी बोनस कट्टी पछिको नाफा/(नोक्सान) | १०,४६२ | (७३,०६२) | (२९,४८८) |
| **समायोजन** | - | - | - |
| नाफा- नोक्सान हिसाबबाट आयकर | - | - | - |
| ह्रास खर्च | ४,४८७ | २,३२४ | १,९६९ |
| विदेशी मुद्रा घाटा | (३,७१०) | ४०,४०९ | (६) |
| Impairment Loss | - | - | - |
| वित्तीय खर्च | - | - | - |
| कर्मचारी उपदान, बिदा र कल्याणकारी व्यवस्था | - | - | - |
| जिन्सी मौज्दातमा कमी/(बृद्धि) | (४४) | (१,३७४) | ५३८ |
| अग्रिम भुक्तानीमा कमी/(बृद्धि) | (४७) | ३१ | २३७ |
| पेश्की, सापटी तथा धरौटी व्यवसायिक प्राप्ति रकम | १०२,६३३ | ९०७,८२८ | २१,५९९ |
| सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/बृद्धि | १७८,१३८ | १८४,१६७ | १०९,५८२ |
| **कुल समायोजन** | **२८१,४५७** | **१,१३३,३८६** | **१३३,९१९** |
| **संचालन गतिविधि बाट खुद नगद प्रवाह (क)** | **२९१,९१९** | **१,०६०,३२४** | **१०४,४३१** |

| | | | |
|---|---|---|---|
| **लगानी गतिविधिको नगद प्रवाह** | - | - | - |
| स्थिर सम्पत्तिमा कमी/(बृद्धि) | (३,४१०) | (१,४०८) | (१५,७१२) |
| पूंजीगत कार्यप्रगती कमी/(बृद्धि) | (२,२०१,७३८) | (४,२४३,९९६) | (१,८९४,३०१) |
| लगानीमा कमी/(बृद्धि) | ७५०,००० | - | - |
| **लगानी सम्बन्धी कारोबारबाट नगद प्रवाह (ख)** | **(१,४५५,१४८)** | **(४,२४५,४०४)** | **(१,९१०,०१३)** |
| **वित्तीय श्रोतसम्बन्धी कारोबारबाट नगद प्रवाह** | - | - | - |
| शेयर पूंजीमा बृद्धि/(कमी) | १,०२६,३१५ | - | - |
| ब्रीज ग्याप लोनमा बृद्धि/(कमी) | - | - | ६००,००० |
| दीर्घकालीन ऋणमा बृद्धि/(कमी) | १००,००० | २,७५५,००० | १,३२१,००० |
| लाभांश वितरण | - | - | - |
| **वित्तीय श्रोत सम्बन्धी कारोबारबाट नगद प्रवाह (ग)** | **१,१२६,३१५** | **२,७५५,०००** | **१,९२१,०००** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **(३६,९१४)** | **(४३०,०८०)** | **११५,४१८** |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ५४३,४३९ | ५०६,५२५ | ७६,४४५ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **५०६,५२५** | **७६,४४५** | **१९१,८६३** |

**(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :**

वासलात रकम (रु.हजारमा)

| विवरण | चैत्र मसान्त २०७८ * |
|---|---|
| **सम्पत्ति** | |
| **गैह्र चालु सम्पत्ति** | |
| सम्पत्ति, उपकरण तथा औजार | १३६,२११ |
| अमुर्त सम्पत्ति | १३७ |
| पूंजीगत कार्यप्रगती | १६,०९९,१३५ |
| **जम्मा गैह्र चालु सम्पत्ति** | १३६,३४८ |
| **चालु सम्पत्ति** | - |
| जिन्सी मौज्दात | ५,८३७ |
| अग्रिम भुक्तानी | ४३९ |
| अग्रिम भुक्तानी रकम, पेश्की, सापटी तथा धरौटी | ३१०,६३२ |
| व्यवसायिक प्राप्ति | - |
| नगद र बैंक मौजदात | २२,९३८ |
| **जम्मा चालु सम्पत्ति** | ३३९,८४६ |
| **जम्मा सम्पत्ति** | ४७६,१९४ |
| | - |
| **पूँजी तथा दायित्व** | - |
| **पूँजी** | - |
| शेयर पूंजी | ६,१५७,८९० |
| जगेडा कोष र सचित नाफा | (२५९,४०८) |
| **जम्मा पूँजी** | ५,८९८,४८२ |
| **दायित्व** | - |
| **गैह्र चालु दायित्व** | - |
| दीर्घकालीन बैंक ऋण | ९,४०१,७०१ |
| जम्मा गैह्र चालु दायित्व | ९,४०१,७०१ |
| **चालु दायित्व र व्यवस्था** | - |
| व्यवस्थाहरु | ३६,९७५ |
| अल्पकालिन बैंक ऋण | ६१५,५०० |

| | |
|---|---|
| व्यापारिक र अन्य दायित्व | ६२२,६७१ |
| **जम्मा चालू दायित्व** | **१,२७५,१४६** |
| **जम्मा पूँजी र दायित्व** | **१६,५७५,३२९** |

**नाफा- नोक्सान हिसाब** **रकम (रु.हजारमा)**

| **विवरण** | **चैत्र मसान्त २०७८*** |
|---|---|
| **आम्दानी** | |
| विजुली बिक्रीबाट आम्दानी | - |
| बिक्री लागत | - |
| **खर्च** | |
| प्रशासकीय खर्च | (१९,५९२) |
| ह्रास खर्च | (१,८५१) |
| **सञ्चालन नाफा/(नोक्सान)** | (२१,४४२) |
| ब्याज आम्दानी | - |
| अन्य आम्दानी /खर्च | (६,६७२) |
| **कर र बोनस अधिको नाफा /(नोक्सान)** | (२८,११४) |
| कर्मचारी बोनस | - |
| **कर अघिको नाफा /(नोक्सान)** | (२८,११४) |
| आयकर | - |
| **आयकर कट्टी पछीको खुद नाफा/(नोक्सान)** | (२८,११४) |

**नगद प्रवाह विवरण** **रकम (रु.हजारमा)**

| **विवरण** | **चैत्र मसान्त २०७८*** |
|---|---|
| **कारोवार सञ्चालन बाट नगद प्रवाह** | |
| आयकर तथा कर्मचारी बोनस कट्टी पछिको नाफा/(नोक्सान) | (२८,११४) |
| **समायोजन** | - |
| नाफा- नोक्सान हिसाबबाट आयकर | - |
| ह्रास खर्च | १,८५१ |
| विदेशी मुद्रा घाटा | ६,६७२ |
| Impairment Loss | - |
| वित्तीय खर्च | - |
| कर्मचारी उपदान, बिदा र कल्याणकारी व्यवस्था | - |
| जिन्सी मौज्दातमा कमी/(बृद्धि) | (१,६५०) |
| अग्रिम भुक्तानीमा कमी/(बृद्धि) | ४९७ |
| पेश्की, सापटी तथा धरौटी व्यवसायिक प्राप्ति रकम | (२६२,८९५) |
| सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/बृद्धि | (३३,८३१) |
| **कुल समायोजन** | **(२८९,३५७)** |
| **संचालन गतिविधि बाट खुद नगद प्रवाह (क)** | **(३१७,४७१)** |
| **लगानी गतिविधिको नगद प्रवाह** | - |
| स्थिर सम्पत्तिमा (खरीद)/बिक्री | (८५६) |
| पूंजीगत कार्यप्रगती कमी/(बृद्धि) | (४८८,२९४) |
| लगानीमा कमी/(बृद्धि) | - |
| **लगानी सम्बन्धी कारोबारबाट नगद प्रवाह (ख)** | **(४८९,१४९)** |
| **वित्तीय श्रोतसम्बन्धी कारोबारबाट नगद प्रवाह** | - |
| शेयर पूंजीमा बृद्धि/(कमी) | - |
| ब्रीज ग्याप लोनमा बृद्धि/(कमी) | १५,५०० |
| दीर्घकालीन ऋणमा बृद्धि/(कमी) | ७०८,६९० |

| | |
|---|---|
| लाभांश वितरण | – |
| **वित्तीय श्रोत सम्बन्धी कारोबारबाट नगद प्रवाह (ग)** | ७२४,१९० |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | (८२,४३०) |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १०५,३६८ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२२,९३८** |

***चैत्र मसान्त २०७८ को आन्तरिक लेखापरिक्षक तथा व्यवस्थापकनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।**

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

(ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ५ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात** **(रकम रु.हजारमा)**

| **विवरण** | **प्रक्षेपित****| | | | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **सम्पत्ति** | | | | | |
| खुद स्थिर सम्पत्ति | १४५,३०२ | २०,०१५,९५८ | १९,२३२,२१९ | १८,४४५,०१९ | १७,६५९,१९३ |
| चालू पूँजीगत कार्य (आयोजनामा लगानी) | १६,९५६,४४० | – | – | – | – |
| पूजिकरण गर्न पर सारिएका निर्माण अवधिका खर्च | – | – | – | – | – |
| **जम्मा स्थिर सम्पत्ति** | **१७,१०१,७४२** | **२०,०१५,९५८** | **१९,२३२,२१९** | **१८,४४५,०१९** | **१७,६५९,१९३** |
| | | | | | |
| **चालू सम्पत्ति** | | | | | |
| जिन्सी मौज्दात | ४,३९६ | ४,६१६ | ४,८४७ | ५,०८९ | ५,३४४ |
| अग्रिम भुक्तानी रकम | १,०३० | १,१३३ | १,२४६ | १,३७१ | १,५०८ |
| लगानी | – | – | – | – | – |
| पेश्की, सापटी, धरौटी | ५०,१२४ | ३४,७२९ | ३६,४६५ | ३८,२८८ | ४०,२०३ |
| व्यापरिक तथा अन्य प्राप्य रकम | – | ७३७,७४३ | ७५९,८७६ | ७८२,३१५ | ८०५,३७० |
| नगद र अन्य मौज्दात | २८९,५०० | २,४३४ | १५७,०८५ | १८१,४२२ | १११,५२५ |
| **जम्मा चालू सम्पत्ति** | **३४५,०५०** | **७८०,६५५** | **९५९,५१९** | **१,००८,४८६** | **९६३,९४९** |
| **जम्मा सम्पत्ति** | **१७,४४६,७९२** | **२०,७९६,६१२** | **२०,१९१,७३८** | **१९,४५३,५०५** | **१८,६२३,१४२** |
| | | | | | |
| **पूँजी र दायित्व** | | | | | |
| **पूँजी तथा जगेडा कोष** | | | | | |
| शेयर पुँजी | ६,८४२,१०० | ६,८४२,१०० | ६,८४२,१०० | ६,८४२,१०० | ६,८४२,१०० |
| जगेडा कोष र संचित नाफा | (२६५,६५९) | २०५,०३१ | १,०८३,६४५ | १,५०२,३०३ | १,८०४,२११ |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **६,५७६,४४१** | **७,०४७,१३१** | **७,९२५,७४५** | **८,३४४,४०३** | **८,६४६,३११** |
| | | | | | |
| सुरक्षित ऋण - कर्मचारी स)चयकोष | १०,५२२,५४० | १३,३६३,७७९ | ११,८६१,५४१ | १०,३५९,३०४ | ८,८५७,०६६ |
| अन्य ऋण | – | | | | |
| **जम्मा** | **१०,५२२,५४०** | **१३,३६३,७७९** | **११,८६१,५४१** | **१०,३५९,३०४** | **८,८५७,०६६** |

| | | | | | |
|---|---|---|---|---|---|
| **चालू दायित्व र व्यवस्था** | | | | | |
| व्यापरिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | ३२५,३८७ | ३६२,१५८ | ३७९,७३० | ३९,६३० | ६६,१९४ |
| छोटा अवधि सापटी | - | - | - | - | - |
| व्यवस्थाहरु - लाभाँस | - | - | - | ६८४,२१० | १,०२६,३१५ |
| व्यवस्थाहरु - अन्य | २२,४२४ | २३,५४५ | २४,७२२ | २५,९५८ | २७,२५६ |
| **जम्मा चालू दायित्व** | **३४७,८११** | **३८५,७०३** | **४०४,४५२** | **७४९,७९८** | **१,११९,७६५** |
| **जम्मा पूँजी र दायित्व** | **१७,४४६,७९२** | **२०,७९६,६१२** | **२०,१९१,७३८** | **१९,४५३,५०५** | **१८,६२३,१४२** |

**नाफा- नोक्सान हिसाब** (रकम रु.हजारमा)

| विवरण | प्रक्षेपित** | | | | |
|---|---|---|---|---|---|
| | २०७८/२०७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| बिक्री आम्दानी | - | १,४७३,६१३ | ३,२९३,०७६ | ३,३९०,२४८ | ३,४९१,८८० |
| विकीको लागत | - | ११४,२५३ | २६०,९४८ | २७६,८९२ | २९४,१५२ |
| **मोटामोटी नाफा** | **-** | **१,३५९,३६०** | **३,०३२,१२८** | **३,११३,३५६** | **३,१९७,७२८** |
| ब्याज तथा अन्य आम्दानी | - | - | - | - | - |
| प्रशासकीय खर्च | (३१,३९२) | (४६,७३८) | (५८,६२९) | (६७,२१९) | (७६,२४३) |
| बिमा खर्च | - | (१७,९२४) | (५४,०७३) | (५१,९९३) | (४९,८३०) |
| **संचालनबाट नाफा** | **(३१,३९२)** | **१,२९४,६९८** | **२,९१९,४२६** | **२,९९४,१४३** | **३,०७१,६५५** |
| ब्याज खर्च | - | (४८५,३७०) | (१,२४९,३७२) | (१,१०१,५७५) | (९५५,१०७) |
| ह्रास खर्च | (२,९७२) | (३३८,६३९) | (७९१,४४०) | (७८९,७००) | (७८८,३२६) |
| अन्य खर्च | | | | | |
| **आयकर कट्टीगर्नु अघिको नाफा** | **(३४,३६५)** | **४७०,६८९** | **८७८,६१४** | **१,१०२,८६९** | **१,३२८,२२२** |
| आयकर | - | - | | | |
| **आयकर कट्टीगरे पछिको खुद नाफा** | **(३४,३६५)** | **४७०,६८९** | **८७८,६१४** | **१,१०२,८६९** | **१,३२८,२२२** |

**नगद प्रवाह विवरण** रकम (रु.हजारमा)

| विवरण | प्रक्षेपित** | | | | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **संचालन गतिविधिको नगद प्रवाह** | | | | | |
| आयकर अगाडीको खुद नाफा /( नोक्सानी) | (३४,३६५) | ४७०,६८९ | ८७८,६१४ | १,१०२,८६९ | १,३२८,२२२ |
| **जोड्ने** | | | | | |
| १. ह्रास कट्टी | २,९७२ | ३३८,६३९ | ७९१,४४० | ७८९,७०० | ७८८,३२६ |
| २. बिदेशी मद्रा विनिमय नाफा ( घाटा) | - | | | | |
| २. व्याज खर्च | - | ४८५,३७० | १,२४९,३७२ | १,१०१,५७५ | ९५५,१०७ |
| **घटाउने** | | | | | |
| १. अचल सम्पत्तिको बिक्रीको नाफा | - | - | - | - | |
| २. लगानीवाट आम्दानी | - | - | - | - | |
| **कार्यशिल पूंजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **(३१,३९२)** | **१,२९४,६९८** | **२,९१९,४२६** | **२,९९४,१४३** | **३,०७१,६५५** |
| १. चालु सम्पत्तिमा भएको कमी । ( वृद्वि) | (२,६९०) | (७२२,६७१) | (२४,२१३) | (२४,६३०) | (२५,३६०) |
| २ चालु दायित्वमा भएको वृद्धि । ( कमी) | (३४५,६६६) | ३७,८९२ | १८,७५० | (३३८,८६५) | २७,८६२ |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **(३७९,७४८)** | **६०९,९२०** | **२,९१३,९६३** | **२,६३०,६४९** | **३,०७४,१५७** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.रसुवागढी हाइड्रो प्रोजेक्टमा लगानी | (१,१३८,१४३) | (२,५१०,७१९) | - | - | - |
| २.अन्य परियोजनाहरुमा लगानी | - | - | - | - | |
| ३. नेपाल सरकारको बण्ड तथा मुद्दती निक्षेपमा लगानी | - | - | - | | |
| ४. ब्याज र लाभांश प्राप्त | - | - | - | - | |
| ५. स्थिर सम्पत्ति र आयोजना (थप) घट | (१३,८३३) | (२,५००) | (७,७०२) | (२,५००) | (२,५००) |
| ६. स्थगन खर्च | - | - | - | - | |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | **(१,१५१,९७५)** | **(२,५१३,२१९)** | **(७,७०२)** | **(२,५००)** | **(२,५००)** |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | | | | | |
| १. शेयर पुँजीको निष्काशन | ६८४,२१० | - | - | - | - |
| २. परियोजना ऋण प्राप्ती/( भुक्तानी) - कर्मचारी सचय कोष (ऋण १) | ७४२,९०० | (२५६,८८३) | (१,०२७,५३३) | (१,०२७,५३३) | (१,०२७,५३३) |
| ३. परियोजना ऋण प्राप्ती/( भुक्तानी) - कर्मचारी सचय कोष (ऋण २) | ८५०,००० | २८५,८४८ | (२५६,६०७) | (२५६,६०७) | (२५६,६०७) |
| ४. परियोजना ऋण प्राप्ती/( भुक्तानी) - कर्मचारी सचय कोष (ऋण ३) | - | २,०७२,६३९ | (२१८,०९७) | (२१८,०९७) | (२१८,०९७) |
| ५. परियोजना ऋण प्राप्ती/( भुक्तानी) - अन्य | (६४७,७५०) | | | | |
| ६. ब्याज भूक्तानी | - | (४८५,३७०) | (१,२४९,३७२) | (१,१०१,५७५) | (९५५,१०७) |
| ७. लाभांश वितरण | - | - | - | - | (६८४,२१०) |
| ८. अन्य | - | | | - | - |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **१,६२९,३६०** | **१,६१६,२३३** | **(२,७५१,६०९)** | **(२,६०३,८१२)** | **(३,१४१,५५४)** |
| **नगदमा भएको कुल वृद्धि / कमी ( क+ख+ग)** | **९७,६३७** | **(२८७,०६६)** | **१५४,६५२** | **२४,३३७** | **(६९,८९७)** |
| वर्षारम्भमा नगद तथा वैंक मौज्दात | १९१,८६३ | २८९,५०० | २,४३४ | १५७,०८६ | १८१,४२२ |
| वर्षान्तमा नगद तथा वैंक मौज्दात | २८९,५०० | २,४३४ | १५७,०८६ | १८१,४२२ | १११,५२५ |

**कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोवारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री सन्दीप श्रेष्ठ एण्ड एसोशिएट्सका चार्टर्ड एकाण्टेण्ट श्री सन्दीप श्रेष्ठले गर्नुभएको हो ।

| **वित्तीय प्रक्षेपणका आधार तथा तरिका :** | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **आ.व** | **आ.व** | **आ.व** | **आ.व** | **आ.व** |
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. कुल आयमा औषत बृद्धिदर | ० | ०% | २२३% | १०३% | १०३% |
| २. कुल खर्चमा औषत बृद्धिदर (ब्याज र ह्रास बाहेक) | १४% | ४७०% | १३२% | २४% | २२% |
| ३. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ०.००% | ०% | ११% | १०% | १०% |
| ४. खुद मुनाफामा औषत बृद्धिदर | ०% | -११७% | १३७०% | १८७% | १२६% |
| ५. आयकर व्यवस्था (प्रतिशतमा) | - | - | - | - | - |
| प्रति शेयर आम्दानी | (०.५०) | ६.८८ | १२.८४ | १६.१२ | १९.४१ |
| अन्य संचालन खर्चका वृद्धिदर (ब्याज र ह्रास) | १५०.९७% | ८६३१.१०% | १३४% | -९.५०% | -७.५०% |
| Return on Equity | -०.५२% | ६.६८% | ११.०९% | १३.२२% | १५.३६% |
| Return on Assets | -०.२०% | २.२६% | ४.३५% | ५.६७% | ७.१३% |

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

१. कम्पनीद्वारा निमाणाधीन रसुवागढी जलविद्युत आयोजनाको Revised Overall Construction Schedule अनसार ९ जनवरी २०२३ (२५ पौष २०७९) मा व्यापारिक विद्युत उत्पादन गर्ने योजना रहेको छ ।
२. रसुवागढी जलविद्युत आयोजनाको लागत अनुमान निर्माण अवधिको ब्याज बाहेक रु.१७ अर्ब १ करोड ५ हजार ६ सय २९ तथा निर्माण अवधिको ब्याज समेत रु. रु.२० अर्ब ६५ करोड ९९ लाख ४३ हजार २ सय ९४ रहेको छ ।
३. नेपाल विद्युत प्राधिकरणसंगको Power Purchase Agreement (PPA) मा भएको व्यवस्था बमोजिम प्रत्येक बर्ष जेष्ठ र आषाढ महिनामा नेपाल विद्युत प्राधिकरणबाट बिद्युत उर्जा बिक्री बापत प्राप्त हुनु पर्ने रकमलाई आसामी भनेर देखाउने गरी प्रक्षेपण गरिएको छ ।
४. नेपाल विद्युत प्राधिकरणसँग भएको Power Purchase Agreement (PPA) का आधारमा प्रति युनिट विद्युत दर सुख्खा याममा रु. ८.४० र बर्षा याममा रु. ४.८० का आधारमा र सो दर प्रति बर्ष ३% का दरले ८ बर्षसम्म वृद्धि हुने गरि प्रक्षेपण गरिएको छ ।
५. व्यापारिक उत्पादन भएको १५ बर्षसम्म रोयल्टीको दर प्रति KW रु.२००/- र विद्युत विक्रिबाट हुने आम्दानीको २% हुने गरि वित्तिय विवरणमा प्रक्षेपण गरिएको छ ।
६. अग्रिम भुक्तानी तथा सापटीहरु मुख्यतः निर्माण कार्यमा संलग्न ठेकेदारहरुलाई प्रदान गरिएकोले सो रकमहरु क्रमशः कम हुँदै जानेछन् ।
७. स्थीर सम्पत्ती (Civil Works, Hydro and Electro Mechanical Equipment and Transmission Line बाहेक) को ह्रासकट्टी Written Down Value Method (WDV) अनुसार व्यवस्थापनले तोकेको प्रभावकारी जीवनलाई आधार मानी तल दिइएको तालिका अनुसार गणना गरिने छ भने Civil Works, Hydro and Electro Mechanical Equipment and Transmission Line लाई भने Straight Line Method (SLM) अनुसार व्यवस्थापनले तोकेको प्रभावकारी जीवनको आधारमा गणना गरी प्रक्षेपण गरिएको छ ।

| सम्पत्ती | ह्रासकट्टिको तरिका | दर | सम्पत्ती | ह्रासकट्टिको तरिका | दर |
|---|---|---|---|---|---|
| सिभिल निर्माण | SLM | ३.८५ प्रतिशत | फर्निचर तथा फिक्चर्स | WDV | २५ प्रतिशत |
| भवन | SLM | ३.८५ प्रतिशत | कार्यालय उपकरण | WDV | २५ प्रतिशत |
| हाइड्रो तथा इलेक्ट्रमेकानिकल | SLM | ३.८५ प्रतिशत | सवारी साधन | WDV | २० प्रतिशत |
| ट्रान्समिसन लाइन | SLM | ३.८५ प्रतिशत | प्लान्ट एण्ड मेशिनरी | WDV | १५ प्रतिशत |

८. व्यवस्थापनले हरेक आर्थिक बर्षको अन्त्यमा स्थीर सम्पत्तिको अनुमानित जीवन पुनरावलोकन गर्ने र आवश्यकता अनुसार समायोजन गर्ने प्रक्षेपण गरिएको छ ।
९. बिद्युत उत्पादन खर्चहरु हरेक बर्ष ५ प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।
१०. विद्युत ऐन २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २ प्रतिशत कर्मचारी बोनस बापत व्यवस्था गर्नु पर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ ।

**ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :**

| विवरण | वास्तविक | | | प्रक्षेपित** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९७.९१ | ९६.७२ | ९६.२४ | ९६.१२ | १०३.०० | ११५.८४ | १२१.९६ | १२६.३७ |
| प्रति शेयर आम्दानी (रु.) | ०.१७ | (१.१९) | (०.४८) | (०.५०) | ६.८८ | १२.८४ | १६.१२ | १९.४१ |
| संचित नाफा नोक्सान ( रु. हजारमा) | (१२८,७४४) | (२०१,८०७) | (२३१,२९४) | (२६५,६५९) | २०५,०३१ | १,०८३,६४५ | १,५०२,३०३ | १,८०४,२११ |

| विवरण | वास्तविक | | | प्रक्षेपित** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| साधारण शेयर वापत पूंजी (रु. हजारमा) | ६,१५७,८९० | ६,१५७,८९० | ६,१५७,८९० | ६,८४२,१०० | ६,८४२,१०० | ६,८४२,१०० | ६,८४२,१०० | ६,८४२,१०० |
| शेयर प्रिमियम (रु. हजारमा) | - | - | - | - | - | | | |
| शेयर आवेदन रकम | - | - | - | - | - | | | |
| संचित नाफा नोक्सान ( रु. हजारमा) | (१२८,७४४) | (२०१,८०७) | (२३१,२९४) | (२६५,६५९) | २०५,०३१ | १,०८३,६४५ | १,५०२,३०३ | १,८०४,२११ |
| अपलेखन हुन वांकी खर्च (रु. हजारमा) | - | - | - | - | - | | | |
| **खूद सम्पत्ति (नेट वर्थ) (** | **६,०२९,१४६** | **५,९५६,०८३** | **५,९२६,५९६** | **६,५७६,४४१** | **७,०४७,१३१** | **७,९२५,७४५** | **८,३४४,४०३** | **८,६४६,३११** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **रु. हजारमा)** | | | | | | | | |
| शेयर संख्या (हजारमा) | ६१,५७९ | ६१,५७९ | ६१,५७९ | ६८,४२१ | ६८,४२१ | ६८,४२१ | ६८,४२१ | ६८,४२१ |
| **प्रति शेयर नेटवर्थ (रु.)** | **९७.९१** | **९६.७२** | **९६.२४** | **९६.१२** | **१०३.००** | **११५.८४** | **१२१.९६** | **१२६.३७** |
| खूद नाफा नोक्सान ( रु. हजारमा) | १०,४६२ | (७३,०६२) | (२९,४८८) | (३४,३६५) | ४७०,६८९ | ८७८,६१४ | १,१०२,८६९ | १,३२८,२२२ |
| शेयर संख्या (हजारमा) | ६१,५७९ | ६१,५७९ | ६१,५७९ | ६८,४२१ | ६८,४२१ | ६८,४२१ | ६८,४२१ | ६८,४२१ |
| प्रति शेयर आम्दानी (रु.) | ०.१७ | (१.१९) | (०.४८) | (०.५०) | ६.८८ | १२.८४ | १६.१२ | १९.४१ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | ०.१७ | (१.२३) | (०.५०) | (०.५२) | ६.६८ | ११.०९ | १३.२२ | १५.३६ |

**(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (०.५२)%**

**कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोवारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री सन्दीप श्रेष्ठ एण्ड एसोशिएट्सका चार्टर्ड एकाण्टेण्ट श्री सन्दीप श्रेष्ठले गर्नुभएको हो ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु. ६,८४,२१,००,०००/–(अक्षरेपी छ अर्व चौरासी करोड एक्काइस लाख मात्र) को अन्तिम चरणमा १०% अर्थात रु. ६८,४२,१०,०००/- (अक्षेरेपी अठ्सठ्ठी करोड बयालिस लाख दश हजार) बराबरको रु.१०० अंकित दरको ६८,४२,१०० कित्ता शेयर आयोजना प्रभावित रसुवा जिल्लाका स्थानिय वासिन्दाहरुका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही शेयर निष्काशन गरी उक्त रकम कम्पनीको अल्पकालीन ऋणको भुक्तानी र परामर्श सेवामा खर्च गर्ने मुख्य उद्देश्य रहेको छ ।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग :**

(क) **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :** कम्पनीले आफ्नो जारी पूँजी रु.६,८४,२१,००,०००/–(अक्षरेपी छ अर्व चौरासी करोड एक्काइस लाख मात्र) को पहिलो चरणमा २४% र दोस्रो चरणमा १५% गरी जम्मा ३९% अर्थात रु.२,६६,८४,१९,०००।-(अक्षेरेपी दुइ अर्व छैसठ्ठी करोड चौरासी लाख उन्नाइस हजार रुपैयाँ मात्र) रकम बराबरको रु.१००/– अंकित दरको २,६६,८४,१९०कित्ता शेयर निष्काशन गरि प्राप्त रकम आयोजनाको लट १- सिभिल तथा हाइड्रोमेकानिकल कार्य, लट २: इलेक्ट्रोमेकानिकल कार्य तथा लट ३: १३२ केभि ट्रान्समिसन लाइन निर्माण कार्य तथा आयोजनाको परामर्शदाताका लागि खर्च गरिएको छ । बाँकी १०% अर्थात रु. ६८,४२,१०,०००/-(अक्षेरेपी अड्सठ्ठी करोड बयालीस लाख दस हजार) बराबरको रु.१०० अंकित दरको ६८,४२,१०० कित्ता शेयर निष्काशनबाट प्राप्त हुने रकम अल्पकालीन ऋणको भक्तानी वापत रु. ६५ करोड र बाँकी रु. ३,४२,१०,०००।- परामर्श सेवामा खर्च गर्ने योजना रहेको छ ।

(ख) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :** कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए अनुसार धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा बाँकी शेयर कम्पनीको मुख्य प्रवर्धक संस्था श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडले खरिद गर्ने प्रावधान रहेको छ । साथै जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यबिधि, २०७५ अनुसार प्रत्याभुति छुट गरिएको छ ।

(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** यस कम्पनीद्धारा निर्माणाधीन रसुवागढी जलविद्युत आयोजना वागमती प्रदेश, रसुवा जिल्लामा रहेको छ । यस जलविद्युत आयोजनाको निर्माण कार्यका लागि लट नं. १: सिभिल तथा हाइड्रोमेकानीकल कार्य, लट नं. २: इलेक्ट्रोमेकालिकल निर्माण कार्य र सो कार्यको सुपरिवेक्षण लगायत करारीय व्यवस्थापनको लागि परामर्शदाता तथा लट नं ३: विद्युत प्रशारण लाइन निर्माण कार्यका लागि ठेकेदारहरुको छनौट भई हाल सम्झौता बमोजिमको कार्यहरु भइरहेको छ । नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता बमोजिम आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोड्नको लागि आयोजना स्थल देखि चिलिमे हव सवस्टेसन सम्मको प्रशारण लाइन (Transmission Line) यस कम्पनीबाट र चिलिमे हब सवस्टेसन देखि त्रिशुली 3B हवसम्मको प्रशारण लाइन (Transmission Line) नेपाल विद्युत प्राधिकरणबाट निर्माण भइरहेको छ ।

**आयोजनाको चरणवद्ध लागत देहाय बमोजिम रहेको छ।**

| क्र.सं. | विवरण | आ. व. ०७८/७९ तेस्रो त्रैयमास सम्म | आ. व. ०७८/७९ चौथो त्रैयमासको | आ. व. २०७९/८० मा | जम्मा |
|---|---|---|---|---|---|
| १ | सिभिल निर्माण तथा हाइड्रोमेकानिकल कार्य | ८,९३५,६९५,२४० | ४८६,१६९,३२४ | १,३१६,६८९,१५३ | १०,७३८,५५३,७१७ |
| २ | जलविद्युतिय मेशिन उपकरण | १,९८०,८५९,७२३ | ९५,४२९,६२७ | ५०३,४७५,८२१ | २,५७९,७६५,१७१ |
| ३ | १३२ के.भी. प्रशारण लाईन निर्माण | १००,४५४,२९३ | १८२,४९४,९८४ | ११,५४१,९९९ | २९४,४९१,२७६ |
| ४ | परामर्श सेवा | १,१२८,७२५,३०७ | ९३,९२२,१८९ | २४४,१२८,७३१ | १,४६६,७७६,२२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | स्थिर सम्पत्ती | ३४८,७९६,४८० | ६,७०१,६६७ | १२५,६३०,३१९ | ४८१,१२८,४६६ |
| ६ | प्रसाशनिक खर्च (कम्पनी) | २८४,४०६,५२० | १२,४४१,३३७ | ३७,३२४,०१२ | ३३४,१७१,८६९ |
| ७ | प्रसाशनिक खर्च (आयोजना) | ७९७,४०४,५०७ | ३८,६२७,२३४ | २७९,०८७,१६३ | १,११५,११८,९०४ |
| ८ | निर्माण अवधिको व्याज | २,६४८,९३५,८४४ | २६०,००३,६३१ | ७४०,९९८,१८९ | ३,६४९,९३७,६६५ |
| | **कुल आयोजना निर्माण खर्च** | १६,२२५,२७७,९१३ | १,१७५,७८९,९९३ | ३,२५८,८७५,३८७ | २०,६५९,९४३,२९४ |

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** आयोजना निर्माण कार्य सम्पन्न गरी मिति २०७९ पुष २५ बाट परीक्षण उत्पादन शुरु गरी व्यवसायीक उत्पादन गर्ने लक्ष्य रहेको छ ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

**कम्पनीले खरिद गरेको उपकरणको मूल्य :**

कम्पनीले आयोजनाको **Lot:2 Elecctromechanical Works** को लागि आवश्यक उपकरणहरु जस्तैः **Draft Tube, Spiral Case, Turbine, Generator, Transformer, Gas Insulated Switchgear** लगायतका मेसीन तथा उपकरणहरुको **Design, Manufacture, Supply Installation, Testing and Commissioning** का लागि ठेकेदार कम्पनी **M/S Voith Hydro Pvt. Ltd India** सँग **31 August 2014** मा ठेक्का सम्झौता गरेको र ठेक्का सम्झौता अनुसार यस कार्यको लागत विदेशी मुद्रा तर्फ अमेरिकी डलर **१,९५,७९,२९८/००** र नेपाली मुद्रा तर्फ **रु.२९,५१,२८,३०६/०८** रहेको छ ।

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीबाट निर्माणाधिन रसुवागढी जलविद्युत आयोजनाको उत्पादन क्षमता १११ मेगावाट रहने छ ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोत :** बागमती प्रदेशको रसुवा जिल्लाको टिमुरे र थुमन गाउँको सिमा हुँदै बहने भोटेकोशी नदीको पानी र सो स्रोत उपयोगका लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको विद्युत विकास विभागबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** बागमती प्रदेश, रसुवा जिल्लाको भोटेकोशी नदीको पानी ।

**(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक रु.१४,७५,१५६/- (प्रथम चरण तथा दोस्रो चरणको भुक्तानी बाहेक) ।
(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(ई) प्रत्याभूतिकर्ता शुल्क – सो नभएको ।
(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – वित्तिय प्रक्षेपण तयार गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत (मू.अ.कर बाहेक) रु. ५०,०००/- बुझाइने छ ।
(उ) लेखापरिक्षकको शुल्क – नरहेको ।
(ऊ) अन्य - नभएको ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियममा शेयर जारी नगरिएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

आयोजना प्रभावित रसुवा जिल्लाबासीहरुको लागि छुट्याइएको १० प्रतिशतले हुन आउने ६८,४२,१०० कित्ता शेयरलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रहि आयोजना प्रभावित जिल्लाबासी लगानीकर्ताहरुलाई जिल्ला समन्वय समिति, रसुवाको मिति २०७६/१०/२९ गते बसेको बैठकको निर्णयानुसार अति प्रभावित (गोसाइकुण्ड गाउँपालिका वडा नं. १ थुमन र वडा नं २ टिमुरे), प्रभावित (आमाछोदिङमो गाउँपालिका वडा नं. ४ गोल्जुङ र वडा नं. ५ चिलिमेका साथै गोसाइकुण्ड गाउँपालिका बाँकी वडाहरु वडा नं. ३ बृद्धिम, वडा नं ४ लाङटाङ, वडा नं. ५ स्याफ्रुबेशी र

वडा नं. ६ धुन्चे) र सामान्य प्रभावित (बाँकी सम्पूर्ण जिल्लाबासीहरु) वर्गमा पर्ने बासिन्दाहरुको लागि शेयर बाँडफाँड गर्दा सोको अनुपात क्रमशः ४.५ : १.५ : १ हुने गरी शेयर बाँडफाँड गरिनेछ ।

आयोजना प्रभावित रसुवा जिल्लाबासीहरुको लागि छुट्याइएको १० प्रतिशतले हुन आउने ६८,४२,१०० कित्ता शेयर पूर्णरुपमा बिक्री नभएमा कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए अनुसार चिलिमे जलविद्युत कम्पनी लिमिटेडले लिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्थाः** आयोजना प्रभावित क्षेत्रलाई जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (सि आस्बा) मा भएको व्यवस्था बमोजिम आश्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकहरुको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था अनुसार उपदफा (२) बमोजिम भुक्तानी फिर्ता गर्दा धितोपत्र बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ । आस्वा मार्फत आवेदन दिएकाको हकमा यो व्यवस्था लागुहुने छैन ।

**(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयरहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समय भित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** कम्पनीको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको । यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर बाँडफाँड पश्चात् आवश्यक प्रक्रिया पुरा गरी सूचिकरण गरिनेछ ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सुचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए अनुसार धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा चिलिमे जलविद्युत कम्पनीले बाँकी बचेको शेयर खरिद गरी लिनेछ । साथै जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यबिधि, २०७५ अनुसार प्रत्याभुति छुट गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :** सो नभएको ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय महाराजगञ्ज, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं वा सह–निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ वा ग्लोबल आईएमई क्यापिटल लि., नक्साल, काठमाण्डौ वा सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००।- का दरले हुन आउने एकमुष्ट रकम धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट

स्वीकृति प्राप्त आश्वा सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी आस्बा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि न्युनतम १० कित्ता तथा अधिकतम १० ले भाग जाने संख्यामा ७०० कित्तासम्म आवेदन दिन सकिने छ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

रसुवा जिल्लाको आयोजना प्रभावित क्षेत्र (अति प्रभावित क्षेत्र गोसाइकुण्ड गाउँपालिका वडा नं. १ थुमन (साविक थुमन गाविस) र वडा नं २ टिमुरे (साविक टिमुरे गाविस), प्रभावित वर्ग प्रशारण लाइनबाट प्रभावित हुने आमाछोदिङमो गाउँपालिका वडा नं. ४ गोल्जुङ (साविक गोल्जुङ गाविस) र वडा नं. ५ चिलिमे (साविक चिलिमे गाविस) का साथै गोसाइकुण्ड गाउँपालिका बाँकी वडाहरु (वडा नं. ३ बृद्धिम (साविक बृद्धिम गाविस), वडा नं ४ लाङटाङ (साविक लाङटाङ गाविस), वडा नं. ५ स्याफ्रुबेशी (साविक स्याफ्रुबेशी गाविस) र वडा नं. ६ धुन्चे (साविक धुन्च गाविस) तथा सामान्य प्रभावित बाँकी सम्पूर्ण जिल्लाबासीहरु)) रसुवा जिल्लाको बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. रसुवा जिल्लाको तत्कालिन गोसाइकुण्ड गाउँपालिका वडा नं. १ थुमन (साविक थुमन गाविस) र वडा नं २ टिमुरे (साविक टिमुरे गाविस)लाई अति प्रभावितमा, आमाछोदिङमो गाउँपालिका वडा नं. ४ गोल्जुङ (साविक गोल्जुङ गाविस) र वडा नं. ५ चिलिमे (साविक चिलिमे गाविस) का साथै गोसाइकुण्ड गाउँपालिका बाँकी वडाहरु (वडा नं. ३ बृद्धिम (साविक बृद्धिम गाविस), वडा नं ४ लाङटाङ (साविक लाङटाङ गाविस), वडा नं. ५ स्याफ्रुबेशी (साविक स्याफ्रुबेशी गाविस) र वडा नं. ६ धुन्चे (साविक धुन्चे गाविस) लाई प्रभावितमा र बाँकी सम्पूर्ण जिल्लाबासीहरुलाई सामान्य प्रभावितमा वर्गीकरण गरिएको छ ।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

३. १६ बर्ष उमेर पुगेकाहरुको हकमा आवेदकले आफ्नो रसुवा जिल्लाबाट जारी गरिएको नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा सिआस्वा दरखास्त फारामसाथ पेश गर्नुपर्नेछ ।

४. १६ बर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पंजिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको संरक्षकद्वारा प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै सिआस्वा दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न हुनु पर्नेछ ।

५. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नाबालक वा विक्षिप्त व्यक्तिको नाममा सिआस्वा दरखास्त दिँदा कानून बमोजिम संरक्षकत्व प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

६. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

७. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।

८. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ ।

९. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसंग रुजु हुनुपर्नेछ ।

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१२. धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ अनुरुप सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

१३. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएका सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं.आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

१५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं.र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

१६. रसुवा जिल्लाका बासिन्दाहरुले रसुवा जिल्लामा रहेको सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था वा अन्य जिल्लाहरुमा रहेको सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन गर्न सकिने छ । आवेदन गर्दा अति प्रभावित, प्रभावित तथा सामान्य प्रभावित समूहको यकिन गरी सि-आस्बा (C-ASBA) फाराममा स्पष्ट उल्लेख गरी पेश गर्नुपर्ने छ ।

१७. रसुवा जिल्लाका बासिन्दाहरुले अन्य जिल्लाबाट आवेदन दिन सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट संकलित सिआस्वा फारामसंग अनिवार्य रुपमा १६ वर्ष उमेर पुगेको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र र अभिभावकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बसाई सराइ गरी आएकोहरुको हकमा बसाई सराईको प्रमाणपत्र समेत, अन्य आवदेन दिन योग्य बासिन्दाहरुको हकमा वडा कार्यालयको सिफारिसपत्र समेत संलग्न गर्नुपर्ने छ र सो प्राप्त नभएमा सो शेयर बाँडफाँड गर्न बाध्य हुने छैन ।

१८. नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा अन्य आवश्यक कागजात संलग्न गर्नुपर्ने भएको हुँदा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट आवेदकले आवेदन गर्न पाइने छैन ।

१९. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिकरुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउन सकिनेछ ।

२०. माथी उल्लेखित छुट भएका रसुवा जिल्लावासीहरु वा वितरण प्रक्रियामा अन्य विवादहरु आएमा निर्धारित अवधीभित्र वडा कार्यालयको सिफारिस पत्रको आधारमा आवेदन गर्न पाइनेछ ।

(क) आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी सिआस्वा दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(ख) आवेदकले सिआस्वा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरी दरखास्त फाराम बुझाउनु पर्ने छ ।

प्रथम चरणमा कर्मचारी सञ्चय कोषमा रकम संचित गर्ने सञ्चयकर्ता कर्मचारी, ऋणदाता संस्थाका कर्मचारी र संस्थापक संगठित संस्थाका कर्मचारीहरु तथा र दोस्रो चरणमा सर्वसाधारणमा निष्काशन गरी बाँडफाँड भएका शेयरधनीहरुले आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरिएको शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

आयोजना प्रभावित जिल्लाबासी लगानीकर्ताहरुलाई जिल्ला समन्वय समिति, रसुवाको मिति २०७६/१०/२९ गते बसेको बैठकको निर्णयानुसार निम्न बमोजिम आवेदन भर्न सकिने छ :

१. रसुवा जिल्लाको तत्कालिन गोसाइकुण्ड गाउँपालिका वडा नं. १ थुमन (साविक थुमन गाविस) र वडा नं २ टिमुरे (साविक टिमुरे गाविस) लाई अति प्रभावितमा, आमाछोदिङमो गाउँपालिका वडा नं. ४ गोल्जुङ (साविक गोल्जुङ गाविस) र वडा नं. ५ चिलिमे (साविक चिलिमे गाविस) का साथै गोसाइकुण्ड गाउँपालिका बाँकी वडाहरु (वडा नं. ३ बृद्धिम (साविक बृद्धिम गाविस), वडा नं ४ लाङटाङ (साविक लाङटाङ गाविस), वडा नं. ५ स्याफ्रुबेशी (साविक स्याफ्रुबेशी गाविस) र वडा नं. ६ धुन्चे (साविक धुन्चे गाविस) लाई प्रभावितमा र बाँकी सम्पूर्ण जिल्लाबासीहरुलाई सामान्य प्रभावितमा वर्गिकरण गरिएको छ ।

२. रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड दर्ता भएको मिति २०६८/०४/१७ भन्दा अघि यस जिल्लामा स्थायी बसोबास गरी आएका तथा अन्यत्र जिल्लाबाट यस जिल्लामा बसाई सराई गरी आएकाहरु सबैंले आवेदन दिन पाउने छ । साथै निजहरुसंग विवाह भई आएका महिला र निजहरुबाट जन्मेका सन्तानहरुले क्रमश विवाह दर्ता प्रमाणपत्र जन्म दर्ता प्रमाणपत्र पेश गरी आवेदन दिन सक्ने ।

३. साथै मिति २०६८/०४/१७ भन्दा पछि शेयर निष्काशनको लागि विवरणपत्र स्वीकृत मिति सम्ममा अन्यत्र जिल्लाबाट यस जिल्लामा बसाई सराई गरी आएकाहरुको हकमा अथवा अन्य जिल्लाको नागरिकता प्रमाणपत्र पेश गरी आवेदन दिनेहरुको हकमा यस जिल्लामा स्थायी बसोबास गर्ने उदेश्यले बसाई सराई गरी आएको, घर टहरो बनाई स्थायी रुपमा बसोबास गरिरहेको, धारा, बिजुली जोडिएको, उमेर पुगेकाहरुको हकमा मतदाता नामावलीमा नाम दर्ता भएको एकिन गरी सम्बन्धित वडा कार्यालयले प्रदान गर्ने सिफारिस पत्र पेश गरेमा मात्र आवेदन दिन पाउने छ ।

४. बुँदा नं. २ र ३ बमोजिम आवेदन दिन योग्य आवेदकहरु संग विवाह गरी आएका महिलाहरुको हकमा विवाह दर्ता प्रमाणपत्र पेश गरी र निजहरुबाट जन्मेका सन्तानहरुको हकमा जन्मदर्ता प्रमाणपत्र पेश गरी आवेदन दिन सकिनेछ ।

५. आवेदन दिन अयोग्य व्यक्ति संग विवाह गरेका महिला र निजहरुबाट जन्मेका सन्तानहरुले समेत आवेदन दिन नपाउने ।

६. हितग्राही खाता खोलिसकेका स्थानीय बासिन्दाहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा (C-ASBA) सदस्यता प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट मार्फत रसुवा जिल्ला लगायत अन्य जिल्लाहरुबाट पनि आवेदन फारम प्राप्त गर्न तथा बुझाउन सकिनेछ । यसरी आवेदन फारम बुझाउँदा आवेदकले रसुवा जिल्लाबाट जारी नागरिकता प्रमाणपत्रको प्रतिलिपिका साथै उपरोक्त आवश्यक कागजात समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले समेत सो नागारिकताको प्रमाणपत्र लगायतका आवश्यक उपरोक्त कागजातहरु रसुवा जिल्लाबाट जारी भए नभएको रुजु गरेर मात्र आवेदन फारम स्वीकार गर्नुपर्नेछ ।

**ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्फौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्फौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्फौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र व्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्फौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:**

संगठित संस्थाको विगत ३ आर्थिक वर्षको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :

| आर्थिक वर्ष | त्रैमासिक अवधि | उच्चतम बजार मूल्य | न्यूनतम बजार मूल्य | अन्तिम बजार मूल्य | कारोवार भएको शेयर संख्या |
|---|---|---|---|---|---|
| २०७८/०७९ | दोस्रो | ४४१ | ३०१ | ४३६।६० | ३०,५९,२३५ |
| | प्रथम | ५६६ | ३३० | ३४७ | ८६,९८,१३५ |
| २०७७/०७८ | प्रथम | २४५ | १४० | २०९ | ३१,२२,९३९ |
| | दोस्रो | ३४५ | १९९ | ३१० | ४१,८८,८७६ |
| | तेस्रो | ५६२ | २९८ | ४९५ | ६१,४५,१३७ |
| | चौथो | ६१३ | ४१६ | ४८६ | १,०३,२५,१४५ |
| २०७६/०७७ | प्रथम | २९२ | १५१ | १६७ | २४,०१,८४७ |
| | दोस्रो | १८५ | १६१ | १७४ | ११,८२,७५६ |
| | तेस्रो | १८८ | १४७ | १५३ | १४,८१,८०८ |
| | चौथो | १५५ | १३६ | १५० | १,३९,९३३ |

*नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचि मार्फत् जानकारी लिन सकिनेछ । मिति २०७६/०४/१६ गते नेपाल स्टक एक्सचेन्ज लिमिटेड लिमिटेडमा सूचिकरण भएको ।*

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** मिति २०७६/०४/१६ गते नेपाल स्टक एक्सचेन्ज लिमिटेड लिमिटेडमा सूचिकरण भएको ।

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|
| **२०७८ चैत्र** | ३९१.६ | ३३५ | ३४१.१ | ४,३३,०४६ | २० |
| **२०७८ फाल्गुण** | ४२५ | ३५६ | ३८२ | ९,१७,७९२ | १९ |
| **२०७८ माघ** | ४५२ | ३८६ | ४२५ | १८,८०,४८३ | १९ |
| **२०७८ पौष** | ४४१ | ३१६ | ४३६.६ | १२,९०,४२० | १९ |
| **२०७८ मंसिर** | ४२१ | ३०१ | ३३५.१ | ७,४३,३२१ | २१ |
| **२०७८ कार्तिक** | ४४१ | ३२४ | ४०४.९ | १०,२५,४९४ | १९ |

नोटः शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचि मार्फत जानकारी लिन सकिनेछ ।

**ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

संगठित संस्थाले सर्वसाधारणका लागि शेयर जारी गर्दा आ.व. २०७७/०७८ को प्रक्षेपित वित्तीय विवरण र आ.व. २०७७/७८ को वास्तविक वित्तीय विवरणको तुलनात्मक अध्ययन देहाय अनुसार रहेको छ ।

**वासलात** **(रकम रु. हजारमा)**

| विवरण | प्रक्षेपित | वास्तविक | फरक प्रतिशतमा | फरक पर्नाको कारण |
|---|---|---|---|---|
| | २०७७/७८ | २०७७/७८ | | |
| **सम्पत्ति** | | | | |
| खुद स्थिर सम्पत्ति | १५,५५९,३०६ | १४६,४०९ | -९९% | आयोजनाको निर्माण कार्य प्रक्षेपण गरिए बमोजिम नभएकाले चालु पूँजीगत खर्चहरु स्थिर सम्पत्तिमा पूँजीकृत नगरिएकोले |
| चालू पूँजीगत कार्य आयोजनामा लगानी | - | १४,९००,६३२ | १००% | आयोजनाको निर्माण कार्य प्रक्षेपण गरिए बमोजिम नभएकाले यस शिर्षक अन्तर्गतको रकमलाइ स्थिर सम्पत्तिमा पूँजीकृत गर्न नसकिएकोल |
| **जम्मा स्थिर सम्पत्ति** | **१५,५५९,३०६** | **१५,०४७,०४१** | | |
| **चालू सम्पत्ति** | | | | |
| जिन्सी मौज्दात | २१,००० | ४,१८७ | -८०% | पहिले प्रक्षेपण गरेबमोजिम आयोजनाको निमार्ण सम्पन्न भई संचालन हुँदाका बखत खपत हुने स्पेयर पार्टस तथा टुल्सको मौज्दातका लागि अनुमान गरीएकोमा आयोजनाको निर्माण सम्पन्न नहुँदा यस शिर्षकमा मौज्दात कम राख्नुपरेको |
| अग्रिम भुक्तानी रकम | | ९३६ | १००% | वित्तिय प्रक्षेपण तयार गर्दा यस शिर्षकमा भएको रकम अग्रिम भुक्तानी, पेश्की, सापटी र धरौटी शिर्षकमा समावेश गरिएको |
| लगानी | - | | | |
| पेश्की, सापटी, धरौटी | १०,५०० | ४७,७३७ | ३५५% | आयोजनाको निर्माण कार्य प्रक्षेपण गरिए बमोजिम नभएकाले ठेकेदारहरुलाई भुक्तानी गरिएको पेश्की रकम पूर्ण रुपमा कट्टी भइनसकेको |
| व्यापरिक तथा अन्य प्राप्य रकम | ७५९,८७६ | - | -१००% | आयोजनाको निर्माण कार्य प्रक्षेपण गरिए बमोजिम नभएकाले |
| नगद र अन्य मौज्दात | १०५,३९२ | १९१,८६३ | ८२% | ठेकेदारहरुलाई भुक्तानीका लागि रकमका व्यवस्थाका कारण |
| **जम्मा चालू सम्पत्ति** | **८९६,७६८** | **२४४,७२३** | | |
| **जम्मा सम्पत्ति** | **१६,४५६,०७४** | **१५,२९१,७६४** | | |
| **पूँजी र दायित्व** | | | | |
| **पूँजी तथा जगेडा कोष** | | | | |
| शेयर पुँजी | ६,८४२,१०० | ६,१५७,८९० | -१०% | आयोजना प्रभावित स्थानियका लागि शेयर निष्काशन गर्ने गरि वित्तिय प्रक्षेपण तयार गरिएकोमा शेयर निष्काशन सम्बन्धि कार्य नभएकाले |
| जगेडा कोष र संचित नाफा | ८७३,८५३ | (२३१,२९४) | -२२६% | आयोजनाबाट बिद्युत उत्पादन नभई मुनाफा नभएकोले |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **७,७१५,९५३** | **५,९२६,५९६** | | |
| सुरक्षित ऋण - कर्मचारी संचयकोष | ७,१७५,४०७ | ८,०७१,६९२ | १२% | आयोजनाको निर्माण कार्य प्रक्षेपण गरिए बमोजिम नभई आयोजनाको लागत र निमार्ण अबधिको ब्याज थप भएकाले |
| अन्य ऋण | १००,००० | | -१००% | आयोजनाको निर्माण कार्य प्रक्षेपण गरिए बमोजिम नभई आयोजनाको लागत र निमार्ण अबधिको ब्याज थप भएकाले |
| **जम्मा** | **७,१७५,४०७** | **८,०७१,६९२** | | |
| **चालू दायित्व र व्यवस्था** | | | | |
| व्यापरिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | ७६६,२५० | ६७२,१२१ | -१२% | आयोजनाको निर्माण कार्य प्रक्षेपण गरिए बमोजिम नभई आयोजनाको लागत र निमार्ण अबधिको ब्याज थप भएकाले |
| छोटा अवधि सापटी | - | ६००,००० | १००% | आयोजना प्रभावित स्थानियका लागि शेयर निष्काशन गर्ने गरि वित्तिय प्रक्षेपण तयार गरिएकोमा शेयर निष्काशन सम्बन्धि कार्य नभई सो को जनमानतमा ऋण लिएकाले |
| व्यवस्थाहरु - लाभा)स | ६८४,२१० | | -१००% | आयोजनाबाट बिद्युत उत्पादन नभई मुनाफा नभएकोले |
| व्यवस्थाहरु - अन्य | १४,२५४ | २१,३५६ | ५०% | कर्मचारीहरुको बिदाको तलबका लागि व्यवस्था गरेकाले |
| **जम्मा चालू दायित्व** | **१,४६४,७१४** | **१,२९३,४७७** | | |
| **जम्मा पूँजी र दायित्व** | **१६,४५६,०७४** | **१५,२९१,७६४** | | |

**नाफा- नोक्सान हिसाब** **(रकम रु.हजारमा)**

| विवरण | प्रक्षेपित | वास्तविक | फरक प्रतिशतमा | फरक पर्नाको कारण |
|---|---|---|---|---|
| | आ.व २०७७/२०७८ | आ.व २०७७/२०७८ | | |
| बिक्री आम्दानी | ३,२८३,२६० | - | -१००% | आयाजनाबाट बिद्युत उत्पादन नभएकाले |
| विक्रीको लागत | २९४,७११ | - | -१००% | आयोजनाबाट बिद्युत उत्पादन नभई को |

| | | | | |
|---|---|---|---|---|
| | | | | संबन्धि खर्च नभएकाले |
| मोटामोटी नाफा | **२,९८८,५५०** | **–** | –१००% | आयोजनाबाट बिद्युत उत्पादन नभएकाले |
| अन्य आम्दानी | ४,४०० | ६३ | ४५९% | ब्याज आम्दानी प्रक्षेपण गरिए बमोजिम नभएकाले |
| प्रशासकीय खर्च | (८२,७७४) | (२७,५८२) | –४३% | आयोजनाबाट बिद्युत उत्पादन नभई सो संबन्धि खर्च नभएकाले |
| बिमा खर्च | (९०,४००) | | | चालु पूँजीगत खर्चहरु स्थिर सम्पत्तिमा पूँजीकृत नभई सा को बीमा गर्नु नपरेकाले |
| **संचालनबाट नाफा** | **२,८१९,७७६** | **(२७,५१९)** | –८५% | |
| ब्याज खर्च | (९०५,६७३) | – | –१००% | आयोजना निमार्ण अबधिमा ब्याज पूँजीकृत गरिएकाले |
| ह्रास खर्च | (५९७,५५१) | (१,९६९) | ४५९% | चालु पूँजीगत खर्चहरु स्थिर सम्पत्तिमा पूँजीकृत नभई सोमा ह्रास कट्टी गर्नु नपरेकाले । |
| **आयकर कट्टीगर्नु अघिको नाफा** | **१,३१६,५५२** | (२९,४८८) | –८३% | |
| आयकर | – | – | | |
| **आयकर कट्टीगरे पछिको खुद नाफा** | **१,३१६,५५२** | (२९,४८८) | –८३% | |

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) कम्पनीको आ.व.२०७७/७८ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण एस.आचार्य एण्ड एसोसियट्सका चार्टड एकाउण्टेन्ट श्री सागर आचार्यले गर्नुभएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

इ) धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा सो व्यवस्था लागू नहुने ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री सन्दीप श्रेष्ठ एण्ड एसोसियट्सका चार्टड एकाउण्टेन्ट श्री सन्दीप श्रेष्ठबाट प्रमाणित भएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

रसुवागढी जलविद्युत आयोजना निर्माण गर्न संस्थापक शेयरधनीहरुबाट चुक्ता भएको पुँजी तथा कर्मचारी सञ्चयकोषबाट प्राप्त ऋण रकम समेत आयोजनाको निर्माणमा प्रयोग गरिएको छ ।

**स्वीकृत ऋण रकम : १० अर्ब १६ करोड ७८ लाख ९० हजार ।**
**हालको बक्यौता रकम : ३ अर्ब ३६ करोड १० हजार ।**
**भुक्तानी गर्नुपर्ने अवधि : १० वर्ष ।**

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले आफ्नो गुनासो तथा सुझावहरु शेयर निष्काशन तथा विक्रि प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लि. का प्रमुख संचालन अधिकृत श्री सन्दिप कार्कीलाई फोन नं.:०१-४४२०९२४ मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** सो नभएको ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**
संस्थापक कम्पनी तथा ऋणदाता कम्पनीबाट कर्मचारीको जिम्मेवारी हेरफेर हुने कारणले संचालक समितिमा हेरफेर हुने गरेको । हालसम्म संचालक समितीमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | संचालकहरुको नाम | पद | प्रतिनिधित्व गरिएको संस्था | बहाल रहेको अवधि | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | | | सम्म | | |
| | | | | साल | महिना | गते | साल | महिना | गते |
| १ | श्री कुलमान घिसिङ | अध्यक्ष | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०६८ | ८ | १६ | २०७१ | ४ | ६ |
| २ | श्री लिलानाथ भट्टराई | अध्यक्ष | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०७१ | ४ | ७ | २०७३ | ७ | ११ |
| ३ | श्री जगदिश्वर मान सिंह | अध्यक्ष | नेपाल विद्युत प्राधिकरण | २०६९ | २ | २ | २०७६ | ७ | २८ |
| ४ | श्री माधव प्रसाद कोइराला | अध्यक्ष | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०७५ | ८ | ६ | हाल | हाल | हाल |
| ५ | श्री जयन्द्र श्रेष्ठ | संचालक | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०६८ | ८ | १६ | २०७१ | १२ | २ |
| ६ | श्री माधव प्रसाद कोइराला | संचालक | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०६८ | ८ | १६ | २०७१ | १० | ३० |
| ७ | श्री गोसाई के. सी. | संचालक | नेपाल विद्युत प्राधिकरण | २०६९ | २ | २ | २०७२ | ५ | २६ |
| ८ | श्री केदार नाथ गौतम | संचालक | कर्मचारी संचय कोष | २०६९ | ३ | ११ | २०७२ | २ | ९ |
| ९ | श्री रामगोपाल शिवाकोटी | संचालक | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०७१ | ४ | ७ | २०७३ | ७ | ११ |
| १० | श्री माधव प्रसाद कोइराला | संचालक | कर्मचारी संचयकोष | २०७२ | २ | १० | २०७४ | ७ | १४ |
| ११ | श्री रामप्रसाद रिमाल | संचालक | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०७२ | ३ | ५ | २०७६ | ७ | ३० |
| १२ | श्री शान्ति लक्ष्मी शाक्य | संचालक | नेपाल विद्युत प्राधिकरण | २०७२ | ६ | २९ | २०७३ | ५ | ६ |
| १३ | श्री प्रवल अधिकारी | संचालक | नेपाल विद्युत प्राधिकरण | २०७३ | ७ | ८ | हाल | हाल | हाल |
| १४ | श्री भिम प्रसाद तिमल्सिना | संचालक | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०७३ | ७ | २४ | २०७६ | ७ | ३० |
| १५ | श्री दामोदर भक्त श्रेष्ठ | संचालक | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०७३ | ७ | २४ | २०७५ | ८ | ५ |
| १६ | श्री जीवन कुमार कट्वाल | संचालक | कर्मचारी संचयकोष | २०७४ | ४ | १५ | २०७४ | ६ | ४ |
| १७ | श्री विष्णु प्रसाद पौडेल | संचालक | कर्मचारी संचयकोष | २०७४ | ७ | १४ | २०७५ | १ | २५ |
| १८ | श्री रोचन श्रेष्ठ | संचालक | कर्मचारी संचयकोष | २०७५ | १ | २६ | २०७८ | ९ | १० |
| १९ | श्री सुभाष कुमार मिश्र | संचालक | नेपाल विद्युत प्राधिकरण | २०७६ | ८ | १८ | हाल | हाल | हाल |
| २० | श्री रामप्रसाद रिमाल | संचालक | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०७६ | ८ | २९ | हाल | हाल | हाल |
| २१ | श्री भिम प्रसाद तिमल्सिना | संचालक | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | २०७६ | ८ | २९ | हाल | हाल | हाल |
| २२ | श्री ध्रुब प्रसाद अधिकारी | संचालक | कर्मचारी संचय कोष | २०७८ | ९ | ११ | हाल | हाल | हाल |

लेखापरीक्षकमा भएको परिवर्तन : लगातार ३ वर्ष भन्दा बढी एकै व्यक्तिले लेखापरिक्षण गर्न नपाउने नियमानुसार लेखापरीक्षकमा परिवर्तन हुने गरेको । यस कम्पनीका हालसम्मका लेखा परिक्षकहरुको विवरण देहाय बमोजिम रहेको छ ।
आ.व. २०६९/०७० का लागि श्री सि. ए. श्री अनुप कुमार श्रेष्ठ
आ.व. २०७०/०७१ का लागि श्री सि. ए. श्री अनुप कुमार श्रेष्ठ
आ.व. २०७१/०७२ का लागि श्री सि. ए. श्री अनुप कुमार श्रेष्ठ
आ.व. २०७२/०७३ का लागि श्री सि. ए. श्री महेश कुमार गुरागाई ।
आ.व. २०७३/०७४ का लागि श्री सि. ए. श्री महेश कुमार गुरागाई ।
आ.व. २०७४/०७५ का लागि श्री सि. ए. श्री कमलेश रत्न कोनाजो ।
आ.व. २०७५/०७६ का लागि श्री सि. ए. श्री सागर आचार्य ।
आ.व. २०७६/०७७ का लागि श्री सि. ए. श्री सागर आचार्य ।
आ.व. २०७७/०७८ का लागि श्री सि. ए. श्री सागर आचार्य ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
रसुवा जिल्ला, हालको कालिका गाउँपालिका वडा नं. ५ जिवजिवे निवासी वित्तीय ब्यबस्थापनमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरी, जलविद्युत क्षेत्रमा करिव ८ वर्ष समेत गरी विभिन्न क्षेत्रको व्यवस्थापकीय जिम्मेवारीमा १९ वर्ष भन्दा बढिको कार्यअनुभव भएका श्री नरनाथ न्यौपाने यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत रहनुभएको ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
कम्पनीले आफ्नो जारी पूँजी रु.६,८४,२१,००,०००/–(अक्षरेपी छ अर्ब चौरासी करोड एक्काइस लाख मात्र) को १०% ले हुन आउने रकम रु. ६८,४२,१०,०००/- रकम बराबरको रु.१००/–अंकित दरले हुने ६८,४२,१०० कित्ता शेयरहरु आयोजना प्रभावित क्षेत्र रसुवा जिल्लाका स्थानिय वासिन्दाहरुका लागि निष्काशन गर्ने निर्णय गरेको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** यस आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।
१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, महाराजगंज, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
३. सह–निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं, ग्लोबल आईएमई क्यापिटल लि., नक्साल काठमाण्डौ र सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**
हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन नियम अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने रु.६८,४२,१०,०००/-(अक्षेरेपी अठ्सठ्ठी करोड बयालिस लाख दश हजार) रकम बराबरको रु १०० अंकित दरको ६८,४२,१०० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र रसुवा जिल्लाका स्थानिय वासिन्दाका लागि सुरक्षित गरिएको छ ।

**(झ कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**
कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरूसमेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**
यस विवरण मार्फत निष्काशन गरिने शेयर बिक्री वितरणका लागि सि-आस्वा सदस्यता प्राप्त बैक तथा वित्तीय संस्थाहरुको देशभरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**
जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ अनुसार उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट क्रेडिट रेटिङ्ग आवश्यक नपर्ने गरी छुटका लागि सिफारिस प्राप्त भएको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**
१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको । रसुवागढी जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**
**(१) कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यक कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरिसकेको :** कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालनको एक बर्षको अवधि पूरा गरिसकेको ।

**(२) नियमानुसार लेखापरीक्षक तथा साधारण सभा सम्पन्न गरेको :** यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लो पटक मिति २०७८/०९/२६ गते सम्पन्न नवौं बार्षिक साधारण सभाबाट श्री महालेखापरीक्षकको कार्यालयबाट सिफारिस हुनुभएका चार्टर्ड एकाउण्टेण्ट श्री प्रतिक खनाललाई आ.व. २०७८/०७९ का लागि लेखापरिक्षकमा नियुक्त गरिएको ।

(३) **प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :** यस कम्पनीले विद्युत विकास बिभागबाट मिति २०६९।०८।२१ गतेका दिन विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी कार्य गर्दै आइरहेको ।

(४) **संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :** कम्पनीले आयोजना निर्माणका लागि आवश्यक निजी जग्गा खरीद गरेको र सरकारी वनक्षेत्रको जग्गा नेपाल सरकारबाट लिजमा भोगाधिकारका लागि स्वीकृति प्राप्त भएको ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको :** यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार कार्य भइरहेको ।

(६) **आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको :** यस कम्पनीले निर्माण गर्दै आइरहेको रसुवागढी जलविद्युत आयोजना निर्माणका लागि कर्मचारी संचयकोषसंग मिति २०६९/०८/२२ गतेका दिन ऋण सम्झौता भई फाइनान्सियल क्लोजर भैसकेको ।

(७) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :** यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०६८/०७/२८ मा विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधार निर्माणका लागि ठेकेदार छनौट गरी कार्यहरु सम्पादन गर्दै आएको ।

(८) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** यस कम्पनीले आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको ।

(९) **संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको :** संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको ।

(१०) **सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :** कम्पनीको प्रबन्धपत्रमा धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा चिलिमे जलविद्युत कम्पनीले बाँकी बचेको शेयर खरिद गरी लिनेछ भन्ने प्रावधान रहेको छ । साथै जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यबिधि, २०७५ अनुसार प्रत्याभुति छुट गरिएको छ ।

(ण) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्यका लागि सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल लाई शेयर रजिष्ट्रारमा नियुक्त गरिएको छ ।

(त) **धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि अधिकतम ३० (तीस) दिनको हुनेछ । कुनै पनि अवस्थामा १५ (पन्ध्र) दिन भन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

(थ) **धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ९ को उपनियम ३ मा उल्लेखित शर्तहरु पुरा भए नभएको :** सो पुरा भएको ।

**ग.२३.यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | प्द | दस्तखत |
|---|---|---|---|
| १. | श्री माधव प्रसाद कोइराला<br>(प्रतिनिधी– चिलिमे जलविद्युत कम्पनी लि.) | अध्यक्ष | |
| २. | श्री प्रवल अधिकारी,<br>(प्रतिनिधी– नेपाल विद्युत प्राधिकरण) | संचालक | |
| ३. | श्री सुभाष कुमार मिश्र<br>(प्रतिनिधी– नेपाल विद्युत प्राधिकरण) | संचालक | |
| ४. | श्री राम प्रसाद रिमाल,<br>(प्रतिनिधी– चिलिमे जलविद्युत कम्पनी लि.) | संचालक | |
| ५. | श्री भिम प्रसाद तिमल्सिना,<br>(प्रतिनिधी–चिलिमे जलविद्युत कम्पनी लि.) | संचालक | |
| ६. | श्री ध्रुब प्रसाद अधिकारी<br>(प्रतिनिधी– कर्मचारी संचयकोष) | संचालक | |

**ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

मिति: २०७८/०९/०७

**श्री नेपाल धितोपत्र वोर्ड,**
खुमलटार, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स सर्टिफिकेट बारे ।**

महोदय,

केन्द्रीय कार्यालय महाराजगन्ज, काठमाडौंमा ठेगाना भएको श्री रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडले रसुवा जिल्लाको आयोजना प्रभावित क्षेत्रका बासिन्दाको लागि जारी गर्न लागेको रु.१००/– अंकित दरको ६८,४२,१०० कित्ता निष्काशन गर्नको लागि निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन मञ्जुर गर्दछौं । आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । प्रस्तावित विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत बनेको अन्य नियमावली, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको रहेको छ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराइन्छ ।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट जानकारी प्राप्त भए बमोजिम हामीले जाने बुझेसम्म तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०७५ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरु सँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाइएको छ ।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक तर्फबाट
सिद्धार्थ क्यापिटल लिमिटेड
नाम : श्री चन्दन कार्की
पद : प्रमुख कार्यकारी अधिकृत
दस्तखत :
कार्यालयको छाप :

सह-निष्काशन तथा विक्री प्रबन्धक तर्फबाट
एनआईबिएल एस क्यापिटल लिमिटेड
नाम : श्री मेख बहादुर थापा
पद : नायव प्रमुख कार्यकारी अधिकृत
दस्तखत :
कार्यालयको छाप : NIBL ACE CAPITAL Managing shares. Managing investments. Kathmandu, Nepal

सन्राइज क्यापिटल लिमिटेड
नाम :श्री विजय लाल श्रेष्ठ
पद :प्रमुख कार्यकारी अधिकृत
दस्तखत :
कार्यालयको छाप :

ग्लोबल आइएमई क्यापीटल लिमिटेड
नाम :श्री पारस मणि ढकाल
पद :प्रमुख कार्यकारी अधिकृत
दस्तखत :
कार्यालयको छाप :

**ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**

SANDEEP SHRESTHA AND ASSOCIATES, CHARTERED ACCOUNTANTS
COP no: 915
Firm No 845
Membership No 1244
PAN 611702924
+977 9860004824
+977 14027575
@ sandeep.shrestha90@gmail.com

मिति : २०७९/१/२५

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
महाराजगंज, काठमाण्डौ

विषय : प्रक्षेपित वित्तिय विवरणको पुनरावलोकनको प्रतिवेदन बारे ।

महोदय,
उपरोक्त सम्बन्धमा हामीले त्यस जलविद्युत कम्पनीको आ.व.२०७८/०७९ देखि २०८२/०८३ सम्मको प्रक्षेपित वित्तिय विवरण (Projected Financial Statements) को अनुमान तथा आधारहरु पुनरावलोकन गरेका छौं । वित्तिय विवरण प्रक्षेपणका लागि कम्पनीले निम्न लिखित आधारहरु लिइएको छ :

- गत आ.व.हरुको लेखापरीक्षण भैसकेका वित्तिय विवरणहरु
- आ.व.२०७८/०७९ को प्रथम ९ महिनाको प्रोभिजनल वित्तिय विवरण
- विद्युत विक्री संझौता
- परियोजना समाप्तीको अवधि तथा सोको लागतको अनुमान
- परियोजनाका लागि ऋण लिने सम्बन्धमा कर्मचारी संचय कोष, चिलिमे जलविद्युत कम्पनी तथा कम्पनी बिच भएको त्रिपक्षिय सम्झौता
- लाभांश वितरणका सवालमा कम्पनीले अख्तियार गर्ने नीति
- जगेडा तरल सम्पत्तिको लगानी सम्बन्धि कम्पनीको नीति
- विदेशी मुद्रा विनिमय दरको प्रक्षेपण
- राज्यको अनुमानित वित्तिय तथा मौद्रिक स्थिति

कम्पनिको वित्तिय विवरणको प्रक्षेपणको लागि उपयोग गरिएका अनुमानहरु (Assumptions) उपयुक्त र सान्दर्भिक देखिन्छन् ।
प्रस्तुत प्रक्षेपित वित्तिय विवरण आर्थिक कारोवारहरु र सो का नतिजाहरुको अनुमान मात्र भएकोले उक्त विवरण माथिको हाम्रो यस मन्तव्यले विवरणमा उल्लेखित तथ्य र नतिजाहरुको निश्चितताको ग्यारेन्टी गर्न नसक्ने तथ्यको जानाकारी गराउँदछौं ।

अन्त्यमा पुनरावलोकन कार्यमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

भवदीय,
सन्दिप श्रेष्ठ
सन्दिप श्रेष्ठ एण्ड एसोसिएटस
चार्टर्ड एकाउण्टेण्टस्
युडिन नं. 220509CA012444vvtQ

अनुसूची १

# Rasuwagadhi Hydropower Company Limited

## Rasuwagadhi Hydroelectric Project, 111 MW

***Computation of Net Present Value, Internal Rate Return & Payback Period***

NRs "000"

| S/No. | Year | Fiscal Year | Total Investment (Equity & Loan) | Net Profit After Tax | Interest | Depreciation & Amortisation | Annual Cash Flow | Net Cash Flow | Cumulative Cash Flow | Discounting Factor @ 12% | Net Discounted Cash Flow | Cumulative Discounting Cash Flow |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 0 | 2077/78 | (14,260,360) | | | | - | (14,260,360) | (14,260,360) | 1.0000 | (14,260,360) | (14,260,360) |
| 2 | 1 | 2078/79 | (3,148,420) | (34,365) | - | 2,972 | (31,392) | (3,179,813) | (17,440,173) | 0.8929 | (2,839,118) | (17,099,478) |
| 3 | 2 | 2079/80 | (3,216,798) | 470,689 | 485,370 | 338,639 | 1,294,698 | (1,922,100) | (19,362,273) | 0.7972 | (1,532,286) | (18,631,765) |
| 4 | 3 | 2080/81 | - | 878,614 | 1,249,372 | 791,440 | 2,919,426 | 2,919,426 | (16,442,846) | 0.7118 | 2,077,990 | (16,553,775) |
| 5 | 4 | 2081/82 | - | 1,102,869 | 1,101,575 | 789,700 | 2,994,143 | 2,994,143 | (13,448,703) | 0.6355 | 1,902,832 | (14,650,943) |
| 6 | 5 | 2082/83 | - | 1,328,222 | 955,107 | 788,326 | 3,071,655 | 3,071,655 | (10,377,048) | 0.5674 | 1,742,940 | (12,908,003) |
| 7 | 6 | 2083/84 | | 1,554,705 | 808,638 | 787,240 | 3,150,583 | 3,150,583 | (7,226,465) | 0.5066 | 1,596,184 | (11,311,819) |
| 8 | 7 | 2084/85 | | 1,586,609 | 662,170 | 786,381 | 3,035,160 | 3,035,160 | (4,191,304) | 0.4523 | 1,372,952 | (9,938,867) |
| 9 | 8 | 2085/86 | | 2,005,598 | 531,339 | 785,699 | 3,322,637 | 3,322,637 | (868,668) | 0.4039 | 1,341,957 | (8,596,910) |
| 10 | 9 | 2086/87 | | 2,243,185 | 409,890 | 785,158 | 3,438,233 | 3,438,233 | 2,569,565 | 0.3606 | 1,239,861 | (7,357,049) |
| 11 | 10 | 2087/88 | | 2,483,653 | 288,441 | 784,728 | 3,556,822 | 3,556,822 | 6,126,387 | 0.3220 | 1,145,201 | (6,211,847) |
| 12 | 11 | 2088/89 | | 2,677,231 | 166,992 | 784,385 | 3,628,608 | 3,628,608 | 9,754,995 | 0.2875 | 1,043,138 | (5,168,709) |
| 13 | 12 | 2089/90 | | 2,622,444 | 45,543 | 784,112 | 3,452,099 | 3,452,099 | 13,207,095 | 0.2567 | 886,068 | (4,282,641) |
| 14 | 13 | 2090/91 | | 2,637,681 | 0 | 783,893 | 3,421,575 | 3,421,575 | 16,628,669 | 0.2292 | 784,137 | (3,498,505) |
| 15 | 14 | 2091/92 | | 2,717,963 | 0 | 783,718 | 3,501,681 | 3,501,681 | 20,130,351 | 0.2046 | 716,513 | (2,781,991) |
| 16 | 15 | 2092/93 | | 2,789,130 | 0 | 783,578 | 3,572,708 | 3,572,708 | 23,703,059 | 0.1827 | 652,720 | (2,129,271) |
| 17 | 16 | 2093/94 | | 2,873,159 | 0 | 783,466 | 3,656,625 | 3,656,625 | 27,359,684 | 0.1631 | 596,475 | (1,532,796) |
| 18 | 17 | 2094/95 | | 2,766,425 | - | 783,376 | 3,549,801 | 3,549,801 | 30,909,484 | 0.1456 | 517,008 | (1,015,788) |
| 19 | 18 | 2095/96 | | 2,357,175 | - | 783,303 | 3,140,478 | 3,140,478 | 34,049,962 | 0.1300 | 408,386 | (607,401) |
| 20 | 19 | 2096/97 | | 2,391,826 | - | 783,244 | 3,175,070 | 3,175,070 | 37,225,032 | 0.1161 | 368,647 | (238,754) |
| 21 | 20 | 2097/98 | | 2,429,163 | - | 783,197 | 3,212,360 | 3,212,360 | 40,437,392 | 0.1037 | 333,015 | 94,261 |
| 22 | 21 | 2098/99 | | 2,454,245 | - | 783,159 | 3,237,404 | 3,237,404 | 43,674,796 | 0.0926 | 299,653 | 393,914 |
| 23 | 22 | 2099/2100 | | 2,319,860 | - | 783,128 | 3,102,988 | 3,102,988 | 46,777,784 | 0.0826 | 256,439 | 650,353 |
| 24 | 23 | 2100/2101 | | 2,496,386 | - | 783,103 | 3,279,489 | 3,279,489 | 50,057,273 | 0.0738 | 241,987 | 892,339 |
| 25 | 24 | 2101/2102 | | 2,517,926 | - | 783,082 | 3,301,009 | 3,301,009 | 53,358,282 | 0.0659 | 217,477 | 1,109,817 |
| 26 | 25 | 2102/2103 | | 2,546,016 | - | 783,066 | 3,329,082 | 3,329,082 | 56,687,364 | 0.0588 | 195,828 | 1,305,644 |
| 27 | 26 | 2103/2104 | | 2,570,540 | - | 783,052 | 3,353,592 | 3,353,592 | 60,040,956 | 0.0525 | 176,133 | 1,481,778 |
| 28 | 27 | 2104/2105 | | 2,567,138 | - | 783,067 | 3,350,205 | 3,350,205 | 63,391,161 | 0.0469 | 157,103 | 1,638,881 |
| 29 | 29 | 2105/2106 | | 5,026 | | 464,787 | 469,813 | 469,813 | 63,860,974 | 0.0419 | 19,671 | **1,658,552** |

| | | | |
|---|---|---|---|
| 1 | Net Present Value (NPV) | 1,658,552 | Thousand |
| 2 | Internal Rate of Return(IRR) | 13.00% | |
| 3 | Simple Payback Period | 8.253 | years (8 year 3 month 1 day) |
| 4 | Discounted Payback Period) | 19.717 | years (19 year 8 month 18 day) |

अनुसूची २

सम्पत्ति सम्बन्धी विवरण

NRs.

| Particulars | Depreciation Rate (For NFRS Application) | Cost 2077/78 | | | | Depreciation 2077/78 | | | | Written Down Value (WDV) 2077/78 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Opening (Gross Value) | Addition | Disposal/ Transfer | Closing | Opening | For the Year | On Disposal /Adjustment | Closing | |
| **A. Project - Property, Plant & Equipments** | | | | | | | | | | |
| Land | | | | | | | | | | |
| Land – Project | - | 27,970,097 | 10,269,219 | | 38,239,316 | | | | - | **38,239,316** |
| 11 KV Distribution Line | 15% | 23,147,400 | | | 23,147,400 | 15,726,874 | 1,113,079 | | 16,839,953 | **6,307,447** |
| Temporary Camp | 4% | 49,232,560 | | | 49,232,560 | 5,707,660 | 1,752,420 | | 7,460,080 | **41,772,480** |
| Tools & Equipment | 15% | 34,857,553 | 54,240 | | 34,911,793 | 21,697,725 | 1,977,065 | | 23,674,791 | **11,237,002** |
| Office Equipments | 25% | 10,019,864 | 501,107 | | 10,520,971 | 7,071,432 | 768,352 | | 7,839,785 | **2,681,186** |
| Furniture & Fixtures | 25% | 11,399,659 | 266,998 | | 11,666,657 | 8,036,328 | 866,621 | | 8,902,949 | **2,763,709** |
| Vehicles | 20% | 105,072,110 | - | | 105,072,110 | 68,086,334 | 7,397,155 | | 75,483,489 | **29,588,621** |
| Other Assets | 25% | 7,588,054 | 46,060 | | 7,634,114 | 5,100,940 | 627,069 | | 5,728,008 | **1,906,106** |
| **A. Total Project - Property, Plant & Equipments** | | **269,287,297** | **11,137,624** | **-** | **280,424,920** | **131,427,293** | **14,501,761** | **-** | **145,929,054** | **134,495,867** |
| | | | | | | | | | | |
| **B. Office - Property, Plant & Equipments** | | | | | | | | | | |
| Office Equipments | 25% | 3,237,231 | 52,920 | | 3,290,151 | 1,859,640 | 348,494 | | 2,208,135 | **1,082,016** |
| Furniture & Fixtures | 25% | 2,266,363 | 279,562 | | 2,545,925 | 1,626,205 | 173,971 | | 1,800,176 | **745,749** |
| Office Vehicles | 20% | 16,967,761 | 3,999,000 | | 20,966,761 | 10,090,238 | 1,379,887 | | 11,470,125 | **9,496,636** |
| Other Assets | 25% | 328,775 | 242,621 | | 571,396 | 110,129 | 33,586 | | 143,715 | **427,681** |
| **B. Total Office - Property, Plant & Equipments** | | **22,800,129** | **4,574,103** | **-** | **27,374,232** | **13,686,213** | **1,935,939** | **-** | **15,622,151** | **11,752,082** |
| | | | | | | | | | | |
| **C. Intangible Assets** | | | | | | | | | | |
| Software - Office | 20% | 190,002 | | | 190,002 | 25,306 | 32,939 | | 58,246 | **131,756** |
| Software - Project | 20% | 123,191 | | | 123,191 | 86,359 | 7,366 | - | 93,726 | **29,466** |
| **C. Total Intangible Assets** | | **313,193** | **-** | **-** | **313,193** | **111,666** | **40,306** | **-** | **151,971** | **161,222** |
| | | | | | | | | | | |
| **Total -Property, Plant & Equipments** | | **292,400,619** | **15,711,727** | **-** | **308,112,346** | **145,225,171** | **16,478,005** | **-** | **161,703,176** | **146,409,171** |
| | | Depreciation Charged to Statement of Profit & Loss | | | | | 1,968,878 | | | |
| | | Depreciation Charged to CWIP | | | | | 14,509,127 | | | |

| | | | | | | | | | | NRs. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **Particulars** | **Depreciation Rate (For NFRS Application)** | **Cost 2076/77** | | | | **Depreciation 2076/77** | | | | **Written Down Value (WDV) 2076/77** |
| | | **Opening (Gross Value)** | **Addition** | **Disposal/ Transfer** | **Closing** | **Opening** | **For the Year** | **On Disposal /Adjustment** | **Closing** | |
| **A. Project - Property, Plant & Equipments** | | | | | | | | | | |
| Land | | | | | | | | | | |
| Land – Project | 0% | 27,970,097 | - | | 27,970,097 | - | | | - | **27,970,097** |
| Land – Not related to project | 0% | - | - | | - | - | | | - | **-** |
| 11 KV Distribution Line | 15% | 23,147,400 | - | - | 23,147,400 | 14,417,369 | 1,309,505 | - | 15,726,874 | **7,420,526** |
| Temporary Camp | 4% | 49,518,152 | - | (285,592) | 49,232,560 | 3,882,223 | 1,825,437 | - | 5,707,660 | **43,524,900** |
| Tools & Equipment | 15% | 34,727,066 | 130,487 | - | 34,857,553 | 19,384,329 | 2,313,397 | - | 21,697,725 | **13,159,828** |
| Office Equipments | 25% | 9,571,383 | 448,481 | - | 10,019,864 | 6,183,140 | 888,293 | - | 7,071,432 | **2,948,431** |
| Furniture & Fixtures | 25% | 11,093,429 | 306,230 | - | 11,399,659 | 6,929,760 | 1,106,568 | - | 8,036,328 | **3,363,331** |
| Vehicles | 20% | 87,492,110 | | 17,580,000 | 105,072,110 | 48,393,402 | 9,246,444 | 10,446,487 | 68,086,334 | **36,985,776** |
| Other Assets | 25% | 7,285,846 | 302,208 | - | 7,588,054 | 4,310,194 | 790,746 | - | 5,100,940 | **2,487,115** |
| **A. Total Project - Property, Plant & Equipments** | | **250,805,483** | **1,187,406** | **17,294,408** | **269,287,297** | **103,500,417** | **17,480,389** | **10,446,487** | **131,427,293** | **137,860,004** |
| | | | | | | | | | | |
| **B. Office - Property, Plant & Equipments** | | | | | | | | | | |
| Office Equipments | 25% | 2,921,561 | 315,670 | - | 3,237,231 | 1,504,902 | 354,738 | - | 1,859,640 | **1,377,591** |
| Furniture & Fixtures | 25% | 2,225,683 | 40,680 | - | 2,266,363 | 1,418,689 | 207,516 | - | 1,626,205 | **640,158** |
| Office Vehicles | 20% | 34,547,761 | - | (17,580,000) | 16,967,761 | 18,817,345 | 1,719,381 | (10,446,487) | 10,090,238 | **6,877,523** |
| Other Assets | 25% | 328,775 | - | - | 328,775 | 71,545 | 38,585 | - | 110,129 | **218,646** |
| **B. Total Office - Property, Plant & Equipments** | | **40,023,779** | **356,350** | **(17,580,000)** | **22,800,129** | **21,812,481** | **2,320,219** | **(10,446,487)** | **13,686,213** | **9,113,917** |
| | | | | | | | | | | |
| **C. Intangible Assets** | | | | | | | | | | |
| Software - Office | 20% | 40,002 | 150,000 | | 190,002 | 21,530 | 3,777 | | 25,306 | **164,696** |
| Software - Project | 20% | 123,191 | | | 123,191 | 77,151 | 9,208 | - | 86,359 | **36,832** |
| **C. Total Intangible Assets** | | **163,193** | **150,000** | **-** | **313,193** | **98,681** | **12,985** | **-** | **111,666** | **201,528** |
| | | | | | - | - | | | - | - |
| **Total -Property, Plant & Equipments** | | **290,992,456** | **1,693,756** | **(285,592)** | **292,400,619** | **125,411,578** | **19,813,593** | **-** | **145,225,171** | **147,175,448** |
| | | Depreciation Charged to Statement of Profit & Loss | | | | | 2,323,996 | | | |
| | | Depreciation Charged to CWIP | | | | | 17,489,597 | | | |